संवत् २०७५ को

# जगदम्बा-श्री

तथा

# मदन पुरस्कार

## समर्पण समारोह

२०७६।०६।०३।६

# कार्यक्रम

सभारम्भ

मदन पुरस्कार गुठी अध्यक्ष कुन्द दीक्षितबाट स्वागत

गुठीका अध्यक्षबाट पुरस्कार अर्पण

श्री डा. रिता थापाबाट विद्वद्प्रवचन

जगदम्बा-श्रीद्वारा सम्मानित श्री बैरागी काइँलाज्यूको उद्गार

मदन पुरस्कारद्वारा सम्मानित *रणहार*का स्रष्टा श्री योगेश राजज्यूको उद्गार

गुठीका सदस्य सचिवबाट धन्यवाद ज्ञापन

सभा विसर्जन तथा जलपान

ॐ असतोमा सद्गमय। तमसोमा ज्योतिर्गमय। मृत्योर्मा अमृतं गमय॥
ॐ शान्तिः! शान्तिः! शान्तिः!

**आदरणीय डा. रिता थापाज्यू, माननीय हाम्रा 'ब्यौलाद्वय' बैरागी काइँलाज्यू र योगेश राजज्यू तथा उपस्थित विद्वान्-विदुषी र मित्रहरू।**

भाषा, साहित्य, संस्कृतिलाई माया गर्ने र यसैलाई तपस्या ठान्ने समग्र अग्रजप्रति हार्दिक नमन। सामग्रीहरूको सङ्कलन र संरक्षणका अतिरिक्त मदन पुरस्कार गुठीका माध्यमद्वारा मदन पुरस्कार र जगदम्बा-श्री सम्मानको कल्पना गर्ने, प्रबन्ध मिलाउने र यसैमा अनवरत खटिने संस्थापक कमल दीक्षितको स्मरण गर्दछु। यसको आधार तयार गरिदिने मदन शमशेर तथा रानी जगदम्बालाई पनि सम्झन्छु।

६० वर्ष लामो मदन पुरस्कार तथा ३० वर्ष लामो जगदम्बा-श्री परम्परामा सँगै हिड्ने, हिड्नलाई प्रेरणा दिने अग्रज, हौसला बढाउन यहाँ उपस्थित हुने र बाहिर बसेर माया गर्ने, सल्लाह-सुझाव दिने सबैलाई हार्दिक धन्यवाद। आजको यस सभामा पाल्नुहुने वा टाढा रहे पनि हामीलाई इन्टरनेट मार्फत् सुन्नुहुने सबैलाई हार्दिक स्वागत।

लामो समयदेखि जनस्वास्थ्य क्षेत्रमा समर्पित डा. रिता थापाज्यू, यहाँका प्रेरणादायी काम र प्रयत्नहरूले हामीलाई जनस्वास्थ्यका विषयमा चासो राख्न, चिन्ता गर्न र थप कामहरू गर्न प्रेरित गरेको हो। विगतदेखि वर्तमानसम्मको कठिन तर सफल यात्रामा बटुलेका यहाँका अनुभव र ज्ञानले नेपाली समाज र जनस्वास्थ्यको वर्तमान अवस्था बुझ्न सघाउनेछ। यस समारोहमा विद्वद् प्रवचनका लागि हामीले गरेको आग्रह स्वीकार गरी पाल्नुभएकोमा यहाँप्रति धन्य छौं। म यहाँलाई हार्दिक स्वागत गर्दछु।

बैरागी काइँलाज्यू, यहाँसँग धेरै लामो भेटघाट नभएपनि यहाँको लोकप्रिय कविता "मातेको मान्छेको भाषण"ले यहाँसँग धेरैपटक भेट गराएको छ। नेपाली समाज र लेखन-पठन परम्परालाई यहाँ जस्तै अनवरत खटिनुहुने व्यक्तित्वहरूको खाँचो छ। भाषा, क्षेत्र, लिङ्ग वा विचार र मान्यताहरू फरक-फरक हुन सक्छन् तर समग्र नेपाली वाङ्मय, संस्कृति तथा चिन्तन परम्पराको विकास, विस्तार तथा संरक्षण हाम्रा साझा चासो र सरोकार हुन्। नेपालका सबै भाषा, संस्कृति, परम्परा र चिन्तन पद्धति हाम्रा साझा हुन्। यसको संरक्षण र अध्ययन हुन जरूरी छ। यस्ता कार्यका निम्ति यहाँको प्रेरणा, माया र आशीर्वाद आवश्यक छ। यहाँको निरन्तरता हामीहरू सबैका लागि प्रेरणा बनोस्। यहाँलाई पनि सधन्यवाद स्वागत गर्दछु।

योगेश राजज्यू, यहाँको पुस्तक *रणहार*लाई मदन पुरस्कारबाट सम्मानित गर्न सक्दा समाजले इतिहासलाई हेर्ने र बुझ्ने फरक आँखा भेटाएका छन्। आख्यान मार्फत् भएको यस कामले हाम्रा पुर्खा र हामीले टेकेको धर्ती, देखेको र महशुस गरेको कला, संस्कृति, वास्तुकला तथा समग्रमा मध्यकालीन समाज र भूगोल बुझ्न सघाएको छ। यसले ऐतिहासिक आख्यान लेखनको हाम्रो परम्परालाई फराकिलो बाटो दिएको छ र पुस्तक लेखन आफैमा तपस्या पनि हो भन्ने उदाहरण दिएको छ। गैर-आख्यान लेखन र चिन्तनमा अभ्यस्त यहाँबाट आख्यान लेखनीले पनि निरन्तरता पाइरहने आशा राखेको छु। यहाँलाई बधाई।

**अन्त्यमा,**

आदरणीय विद्वद्जन्, अघिल्ला पुस्ताका भाषा/साहित्य अनुरागीहरूले हामीलाई यो स्थान र नेपाली वाङ्मयको एउटा विरासद् दिएर जानुभयो। समग्र नेपाली वाङ्मयलाई यहाँसम्म ल्याउनुहुने जन्मदाता र कर्मदाताहरू मध्ये धेरै हामीसँग हुनुहुन्न। तर सोही परम्पराको निरन्तरता दिने हाम्रो प्रयासमा साथ दिन, हौसला दिन यस स्थलमा पाल्नुहुने यहाँहरूलाई स्वागत गर्दछु। यहाँहरूको उपस्थितिले हाम्रो हौसला बढेको छ।

पुरस्कार राशि आफैमा महत्त्वपूर्ण कुरा होइन तथापि यस वर्षदेखि मदन पुरस्कार तथा जगदम्बा-श्री पुरस्कारको राशि ४-४ लाख रूपैयाँ भएको छ। दादा, कमलमणि दीक्षितको सम्झनामा मूलत: मदन पुरस्कार

पुस्तकालयको सामग्री प्रयोग गर्ने गरी अध्ययन, अनुसन्धान र प्रकाशनका निम्ति वार्षिक १५,००,००० (पन्ध्र लाख) रूपैयाँको प्रबन्ध भएको छ। यस उदार सहयोगका लागि रातो बङ्गला स्कूल परिवार तथा सुझावका लागि डा. प्रत्यूष वन्तलाई हार्दिक धन्यवाद।

एकपटक फेरि सबैलाई स्वागत। सबैको जय होस्।

# डा. रिता थापाज्यूको विद्वद प्रवचन

## शून्य तहदेखि सहस्राब्दीतिरको यात्रा

**मदन पुरस्कार गुठी परिवार, जगदम्बा-श्रीद्वारा सम्मानित श्री बैरागी काइँलाज्यू, मदन पुरस्कारबाट सम्मानित योगेश राजज्यू तथा यस समारोहमा पाल्नुहुने सम्पूर्ण अतिथिहरू**

मदन पुरस्कार गुठीका अध्यक्ष श्री कुन्द दीक्षितलाई धन्यवाद। मेरो चिनारी दिनुभएकोमा। यो मेरो व्यावहारिक पहिचान मात्र हो। त्यसमा मेरो आफ्नै भने केही पनि छैन। यो त केवल नेपाली माटो, पानी, मन र सामाजिक संस्कार तथा नेपालभित्र रहेका चुनौतीमय परिस्थिहरू माझ भएका अन्तरक्रियाबाट आएको एउटा परिचय मात्र हो। तर त्यही नै मेरो सौभाग्य पनि हो।

यस विद्वत् साहित्यिक सभामा मलाई प्रवचन गर्ने मौका दिनुभयो, यो मेरो अर्को उत्कृष्ट सौभाग्य हो। एक साहित्यकारकी आमा हुनु बाहेक यस गहन क्षेत्रमा मेरो केही दख्खल छैन। यदि साहित्यले मानव समाज र जीवनमा आउने सुख-दुःखका क्षणलाई सृजनशील शैलीमा विभिन्न माध्यमबाट अनुभूति गराउँछ भने, चिकित्सकले, खास गरी जनस्वास्थ्य

चिकित्सकले मानवीय दुःख-सुखसँगको साक्षात्कारका आधारमा सामाजिक हितसँग सम्बन्धित तथ्यहरू प्रस्तुत गर्दछ। म एक जनस्वास्थ्य चिकित्सक हुँ र सुख्खा शैली मै भए पनि नेपाली जनजीवनका केही दुःख-सुखसँग जोडिएर आउने संवेदनशील चुनौतीका क्षण र अनुभूति पस्कने जमर्को गरेकी छु। यी क्षणहरूमै अनुभूति गरेकी छु, आफ्नो जीवनको सार्थकता पनि।

नागरिकले स्वस्थ्य जीवनयापन गर्नु एक नैसर्गिक मानवीय अधिकार हो। यसमा राज्य र समाज तथा नागरिकको पनि महत्त्वपूर्ण दायित्व हुन्छ। हाल देखापरिरहेको डेंगु महामारी यस्तै एक बहुक्षेत्रीय कमजोरीबाट उब्जिएको समस्याको एउटा उदाहरण मात्र हो। २०७३ सालको नयाँ स्वास्थ्य संरचनामा जिल्ला जनस्वास्थ्य कार्यालय जनशक्ति तथा अधिकार विहीन भएका कारण स्थानीय तहमा फैलिएको डेंगु महामारीको द्रुत नियन्त्रण हुन सकेन।

## विषयवस्तु

केही समय विचार गरौँ र प्रश्न गरौं, हाम्रो दैनिक जीवनसँग जोडिएको जनस्वास्थ्य भनेको के हो? के यो हामीले पिउने सुरक्षित पानी हो? कि खानु अघि हात धुनु हो? या अनिवार्य सिट बेल्टको प्रयोग हो? के कन्डोम जनस्वास्थ्य हो? के कोक नपिउनु जनस्वास्थ्य हो? या सुर्तीजन्य पदार्थ सेवन नगर्नु जनस्वास्थ्य हो? अनि मदिरापान नि? फेरि

व्यक्तिगत स्वतन्त्रता र व्यक्तिगत छनौट गर्ने अधिकार के हो? यस्ता प्रश्न र बहसको अन्त्य हुँदैन। तर, संक्षिप्तमा भन्ने हो भने यी सबै जनस्वास्थ्य हुन्। जुन कुराले बहुसंख्यक मानवको स्वास्थ्य रक्षा, स्वास्थ्य प्रवर्द्धन र स्वास्थ्य पुनर्स्थापना गर्छ त्यही 'जनस्वास्थ्य' हो।

त्यसो भए स्वास्थ्य के हो त?

स्वास्थ्य केवल बिरामी नहुनु मात्र होइन, बरू शारीरिक, मानसिक तथा सामाजिक समग्र तन्दुरूस्तीको अवस्था पनि हो। यस अर्थमा स्वास्थ्य भन्नाले स्वास्थ्य क्षेत्र मात्र होइन, मानव स्वास्थ्य सम्बन्धी विभिन्न मानव विकास क्षेत्रका कार्यक्रमहरू माझ हुने अन्तरक्रियाको प्रतिफल हो। यस कारण सबै सम्बन्धित क्षेत्रहरू जस्तै: राजनैतिक, स्वास्थ्य, आर्थिक, सामाजिक, लैंगिक, वातावरण, यातायात, सञ्चार आदिले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष या अप्रत्यक्ष प्रभाव पारेका हुन्छन्।

## समस्या र चुनौती

म जन्मदा र हुँर्कंदाको नेपालमा जनस्वास्थ्यलाई यी विविध पक्षहरूबाट हेरिन्न थियो।

युगौंदेखिको गरिबी, निरक्षरता, सामन्ती रीतिरिवाज, लैंगिक-जातीय असमानता, पछौटेपनबाट उत्पन्न एक दर्दनाक जनजीवनको अवस्था थियो। धन्य, यी सबैका बाबजूद पनि हामी उपनिवेशी मानसिकताबाट

मुक्त थियौं। यो हाम्रो अमूल्य स्वाभिमान बिरासतका रूपमा आएको थियो।

त्यति बेला छोरीहरूको औपचारिक शिक्षामा कानूनी तथा सामाजिक बन्देज थियो। राम्रो सम्पन्न परिवारमा विवाह गर्नु, सन्तान- खास गरी छोराहरू जन्माउनु नै तत्कालीन महिलाहरूको मुख्य 'जीवन पेशा' हुने गर्थ्यो। बिहे बाहेक अन्य सामाजिक तथा आर्थिक आत्मनिर्भरताका आधारहरू कम हुने गर्थे। पुरूषमा बहुविवाह एक प्रचलित सामाजिक संस्कार थियो भने छोरीको बाल विवाह एक धार्मिक मान्यता। आफ्नो बाल्य र नवयुवा कालमा आफ्नै परिवार वा नाताका धेरै जसो विवाहित महिलाहरू खुशी नदेख्दा मैले भित्रभित्रै विवाह नै नगर्ने सोच पनि बनाउँथें।

सन् १९५० को प्रजातन्त्रको पहिलो लहरपछि स्थापित प्रथम महिला विद्यालय पद्मकन्या माध्यमिक स्कूलले महिला शिक्षाको बाटो खोल्यो। त्यही स्कूलले देखायो मलाई आकाश छुने सौभाग्य र सम्भावना।

चिकित्सा शास्त्र अध्ययनपछि, थापाथली प्रसूतिगृहमा मेरो पहिलो नियुक्ति हुनु अर्को सौभाग्य थियो। जहाँ मैले रूढीबाद र लैंगिक असमानताबाट उब्जिएका जटिल जन्म-मरणको समस्यासँग साक्षात्कार गर्ने र जुझ्ने अवसर पाएँ।

त्यहाँ प्राय: गर्भावस्थाका कारण अत्यधिक ज्यान जोखिम भएको अन्तिम अवस्थामा महिलाहरू आइपुग्थे। एकदिन मैले निराशा र हतासमा उनीहरूलाई सोधे "किन तपाईंहरू सधैं गर्भवती हुन चाहनुहुन्छ?" जवाफ आयो, "हामी तपाईं जस्तो होइन। बिहे पछि हाम्रा श्रीमानले जे चाहन्छन्, हामीले त्यही गर्नुपर्छ"।

म पनि त नेपाली विवाहित महिला नै थिएँ तर उनीहरूले औंल्याएको भिन्नताले मेरो अन्तरआत्मालाई छोयो, भित्रैसम्म। एकातिर यसले आफ्नै सुविधा सौभाग्यलाई सम्झेर एक किसिमको आत्मग्लानि महसुस गरायो भने अर्कोतर्फ मेरो चिकित्सक मनलाई चुनौतीको बोध पनि गरायो।

कलिलै उमेरमा बिहे र त्यसपछिको वर्षेनी गर्भावस्थाले गर्दा महिलाहरू निरन्तर अस्वस्थता, रोग र मृत्युको दुश्चक्र जालोमा बन्द हुन्थे। सोचें, के यी नेपाली आमाहरूलाई वर्षेनी नचाहेको गर्भ-सुत्केरीको जालोबाट मुक्त गर्न सकिएला? के यिनीहरूलाई वर्षेनी गर्भवती हुँदा आइपर्ने अकाल मृत्युबाट बचाउन सकिएला र यिनका सन्तानलाई टुहुरो हुनबाट बचाउन सकिएला?

यही चुनौती तथा सम्भावनाले छोयो मेरो मन। ममा ऊर्जा जगायो। मलाई साँघुरो अस्पतालको परिधिबाट पुऱ्यायो जनस्वास्थ्यको फराकिलो फाँटमा। सन् १९६५ मा नेपाल सरकारको परिवार नियोजन

तथा मातृ शिशु स्वास्थ्यको प्रथम योजना प्रमुख भै काम गर्ने र जिम्मेवारी सम्हाल्ने सौभाग्य पाएँ। यो एकातिर देशमा तत्कालको कहाली लाग्दो मातृ तथा बाल मृत्युदर घटाउने एउटा कठिन चुनौतीको काम थियो भने अर्कोतिर एक मानवीय उपकारको अवसर पनि।

महिला तथा बाल बालिकाको स्वास्थ्य स्थितिको सूचकाङ्कहरू अमानवीय स्तरमा थिए। प्रत्येक महिलाले प्रत्येक प्रसवमा 'मृत्यु या जीवन'को दोसाँधमा रूमल्लिनु पर्थ्यो। यस्ता अवस्थाबाट जीवन गुमाउने महिलालाई जीवनको एक स्वाभाविक भोगाइ वा मृत्युका रूपमा स्वीकारिन्थ्यो वा मान्यता दिइन्थ्यो।

सन् १९६५ मा गरिएको नेपालको पहिलो स्वास्थ्य सर्वेक्षणले देखाएका सूचकाङ्कहरू निकै कहालीलाग्दा छन्। नेपालको कूल मृत्यु मध्ये ३७% मृत्यु नवजात शिशुको मृत्युले ओगटेको थियो भने ५ वर्ष नपुग्दै मर्ने बालबालिकाहरू प्रत्येक जीवित जन्मिएका १००० मध्ये ३००-४०० हुन्थे । एक अनुमान अनुसार प्रत्येक जीवित बच्चा जन्माएका १,००,००० आमाहरू मध्ये १,५०० या त्यो भन्दा बढी आमाहरूको मृत्यु प्रसवकालमै हुन्थ्यो। यो एक अमानवीय कटु सत्य थियो, त्यो समयको।

## समाधानका अवसर

यो चुनौतीले समाधानको अवसर पनि प्रदान गऱ्यो। जनस्वास्थ्यको यस फराकिलो फाँटमा त पुगेँ तर यो फाँट को 'क' 'ख' 'ग' समेतको पनि मलाई ज्ञान थिएन। नेपाल सरकारले मलाई जनस्वास्थ्य सिक्न विश्व प्रसिद्ध जोन्स हप्किन्स विश्व विद्यालयमा पठायो। यो मेरो अर्को ठूलो सौभाग्य थियो।

मैले सिके अनुसार प्रमाणित तथा सरल प्रविधिहरूको उपभोगमा सबै महिला तथा बालबालिकाको सहज तथा समान पहुँचको प्रत्याभूति दिने जिम्मेवारी राज्यको हुन्छ। अध्ययन-अनुसन्धानले देखाए अनुसार परिवार नियोजनका साधनले पनि आमा र बालबालिकाको स्वास्थ्य अभिवृद्धि र जीवित रहनमा महत्वपूर्ण भूमिका खेल्ने गर्छ। तर यी सिकेका ज्ञान र प्रविधिहरूलाई बहुसंख्यक आमा र बालबालिकाहरू माझ कसरी र कसले पुऱ्याउने एक जटिल प्रश्न र चुनौती थियो हाम्रो सामु।

त्यति बेलाको नेपालमा स्वास्थ्यका आधारभूत संरचना प्राय: शून्य नै थिए। न तालिम प्राप्त जनशक्ति न त भौतिक संरचनाको आधार थियो। देशको पहिलो पञ्च वर्षीय योजना काल (सन् १९५६-१९६१) देखि मात्र जनस्वास्थ्य लगायत अन्य सबै क्षेत्रको योजनाबद्ध विकासको थालनी भएको थियो। त्यति बेला थियो त केवल विकासका लागि

आकांक्षा राख्ने राजनैतिक इच्छा शक्ति र त्यसैसँग मेलखाने प्रशासनिक ऊर्जा तथा उत्साह।

जटिल चुनौती र केही संभावनाहरूका माझ एकातर्फ तत्कालीन पुराना स्वास्थ्य सेवाको पद्धतिलाई (Paradigm) आधारभूत परिवार नियोजन तथा मातृ-शिशु स्वास्थ्य सेवाको अति खाँचो देखिन्थ्यो भने अर्कोतर्फ स्वास्थ्य सेवाको  पुरानो पद्धतिले यी सेवाहरू प्रदान गर्न नसक्ने स्थिति थियो। पुरानो स्वास्थ्य पद्धति अनुसार जे जस्तो किसिमको स्वास्थ्य सेवालाई पनि चिकित्सकको आवश्यकता पर्ने र चिकित्सकको सहयोगमा समाधान गर्नुपर्ने मान्यता राख्थ्यो। यदि यो नीतिसँग मेलखाने गरी पर्याप्त संख्यामा तालिम प्राप्त योग्य स्वास्थ्य चिकित्सकको जनशक्ति भएको भए यो नीति राम्रो हुनसक्थ्यो तर त्यस्तो जनशक्ति लगभग शून्य जस्तै थियो।

यो एक संवेदनशील तर विरोधाभासपूर्ण स्थिति (Anomaly) थियो। यस प्रकारको विरोधाभासपूर्ण परिस्थितिमा तत्कालीन राजनैतिक नेतृत्वले इच्छाए अनुसार परिवार नियोजन तथा मातृ शिशु स्वास्थ्यसेवा देशव्यापी रूपमा बिस्तार गर्न नसकिने प्रष्ट थियो।

नेपाल परिवार नियोजन तथा मातृ शिशु स्वास्थ्य योजनाले यो जटिलतालाई एक अवसरको रूपमा लियो र एउटा कार्य विश्लेषण (Functional Analysis) अध्ययनका आधारमा समाधानको उपाय

सुझायो। उक्त विश्लेषणले 'हाल चिकित्सकले प्रदान गरिरहेका कैयौँ आधारभूत परिवार नियोजन तथा मातृ शिशु स्वास्थ्य सेवाका लागि चिकित्सकको उपस्थिति आवश्यक नपर्ने' औँल्यायो। यसैका आधारमा नयाँ किसिमको सामुदायिक स्वास्थ्य सहायक (Paramedic) परिचालनबाट पुरानो स्वास्थ्य सेवा पद्धतिको रूपान्तर (Paradigm Shift) को सुरूवात भयो।

तर यो अनुसन्धानमा आधारित स्वास्थ्य सहायक प्रस्तावलाई सरकारको नीतिमा ढाल्न धेरै गाह्रो भएको थियो। सम्बन्धित सरकारी तथा गैरसरकारी मेडिकल एसोसिएसन जस्ता निकायहरूबाट यस प्रस्तावको बिरोध पनि भयो। विदेशी सहायतामा गाउँ-गाउँमा स्थापना गरिने स्वास्थ्य सहायकको तलब-भत्ताको भार खेप्न नेपाल जस्तो गरिब मुलुकले नसक्ने तर्क गर्दै अर्थ मन्त्रालयले पनि चर्को बिरोध गरेको थियो। यो चर्को बिरोधलाई मत्थर पार्न हामीले एक नरम रणनीतिको प्रयोग गऱ्यौँ। हामीले वहाँहरूको कुशल अर्थ नेतृत्वले नेपाल चाँडैं धनी बन्ने र ग्रामीण नेपालीका लागि केही आधारभूत स्वास्थ्य सेवा दिने स्वास्थ्य सहायकको तलब बेहोर्न चाँडै सक्षम हुने कुरामा वहाँहरूलाई विश्वस्त पाऱ्यौँ। यसले काम गऱ्यो। १०७ जना स्वास्थ्य सहायक (Paramedic) को दरबन्दी सदर भयो। यसले काठमाडौँ बाहिरका जिल्लाहरूमा परिवार नियोजन तथा मातृ शिशु स्वास्थ्य सेवा बिस्तारको ढोका खोल्यो।

तैपनि गाउँका महिलाहरूलाई स्वास्थ्य सहायक तालिममा ल्याउन केही लैंगिक रूढिवादी सोचाइ तगारो बन्ने त होइन भन्ने डर भने हामीलाई थियो। तालिम पछि पनि वहाँहरूको सेवा प्रभावकारी र नतिजामूलक होला कि नहोला भन्ने चिन्ताले सताएको थियो।

सन् १९६८ ताका इलाममा प्रत्यक्ष रूपमा जे अनुभूति गरें त्यसले सबै शङ्का मात्र हटाएन बरू आधारभूत स्वास्थ्य सेवालाई समस्त वडाव्यापी बनाउन सक्ने उत्साह जगायो। मध्यराततिर एक हेल्थ एसिस्टेन्टले आमाको काखको एक गम्भीर बिरामी बालकलाई जाँच्न आग्रह गरे। बालक दिसा-पखालाबाट सिकिस्त थियो। बालकलाई उपचार गर्न मसँग केही साधन थिएन। तैपनि एक चिकित्सकले त्यो बालकको ज्यान बचाउन केही गर्नुपर्ने नै थियो। मैले त्यही गरें। बालककी आमालाई ५ गिलास पानीमा एक चिम्टी नुन र एक अन्जुली चिनी हाली उमाल्न सिकाएँ र मनतातो भएपछि बालकलाई खान दिनू भनें। आमाको दूध पनि खुवाउनू भन्दै बालक बाँचोस् भनी प्रार्थना गर्दै सुत्न गएँ। कुनै पनि बेला हुनसक्ने बालकको मृत्यु र आमाले खेप्नुपर्ने पीडाको त्रास मनभरि थियो तर त्यसो भएन। बिहान बिस्तारै ढोका खोलेर हेर्दा त मैले चमत्कार देखें। बालक आफ्नी आमाको काखमा खेलिरहेको थियो। मलाई एक अमूल्य आशीर्वाद पाएको आभास भयो।

ती आमा र बालकका माध्यमबाट नयाँ अनुभव तथा तीन तथ्य-सत्यहरू प्राप्त भए।

१. एक साधारण घरेलु विधिबाट बनाउन सकिने "नुन चिनी पानी" औषधिले सो समयको एक नम्बरको 'रोग' झाडा-पखालाबाट हुने बाल मृत्युलाई घटाउन सकिन्छ भन्ने तथ्यको प्रत्यक्ष अनुभवीय ज्ञान।

२. आफ्नै भान्छामा "नुन चिनी पानी" प्रयोग गरी दिसा-पखालाबाट हुने अनगिन्ती बालबालिकाको मृत्युलाई रोक्न आमाहरूलाई सशक्त गर्न सकिने ज्ञान।

३. दिसा-पखाला लागेकालाई पानी खान नदिने गाउँ घरको पुरानो चलन-चल्तीका बाबजुद पनि ती आमाले आफ्नो काखे बालकलाई "नुन चिनी पानी" खान दिनुले स्वास्थ्य व्यवहार परिवर्तन गर्न सकिने सम्भावनाको ज्वलन्त उदाहरण।

यी प्रत्यक्ष अनुभवीय ज्ञान प्रदायक घटनाले जोन्स हप्किन्सका दिवंगत प्रोफेसर कार्ल टेलरले बार बार दोहोऱ्याउनु हुने तीन निम्न मन्त्रहरूको निहित शक्तिलाई उजागर गरेको थियो।

क) आमाहरूलाई स्वास्थ्य सेवाको प्रथम प्रदायकको रूपमा तालिम देऊ।

ख) स्वास्थ्य सेवा प्रदान गर्न घर दैलो तथा समुदायलाई एक नम्बरको सुविधा स्थलको रूपमा प्रयोग गर।

ग) व्यवहार परिवर्तनलाई एक नम्बरको अचूक औषधि-उपचार मानी सम्मान गर।

यी सबै अनुभव र प्रयत्नहरूसँगै सामुदायिक स्वास्थ्य सहायकको परिचालनको सहयोगबाट समुदाय आधारित केही प्रमाणित सुरक्षित, व्यावहारिक, सरल तथा आधारभूत स्वास्थ्य प्रविधिहरू बिस्तार गर्न सहज भयो। यस्ता प्रविधिका केही उदाहरणहरू थिए; स्वास्थ्य शिक्षा, व्यक्तिगत सरसफाई, खान भन्दा पहिले हात धुने, परिवार नियोजन सेवा, संक्रामक रोग प्रतिरक्षक खोपहरू, घरेलु "नुन चिनी पानी" औषधि, घरमै बन्ने पौष्टिक आहार जस्तै 'लिटो-सर्वोत्तम पिठो', प्रोटिन-क्यालोरी कमीको उपचार, शिशुलाई आमाको स्तनपान आदि।

सन् १९७५ मा नेपाल सरकारको एकीकृत सामुदायिक स्वास्थ्यसेवा विकास योजना प्रमुख भई काम गर्दा आधारभूत स्वास्थ्य सेवालाई देशव्यापी बनाउने सु-अवसर पाएँ। मलेरिया प्रकोप फर्कने जोखिमलाई रोकथाम गर्न सरकारले लिएको यो एकीकृत सामुदायिक स्वास्थ्यसेवा विकास योजना एक आकस्मिक तर महत्वपूर्ण रणनीति थियो। आधारभूत स्वास्थ्य सेवालाई युद्ध स्तरमा विकास गरेर मलेरिया प्रकोप फर्कने संकट रोकथाम गर्नुपर्ने बाध्यता सरकारलाई थियो।

तसर्थ, पाँचवटा स्वास्थ्य योजनाहरूको छुट्टा-छुट्टै संरचना मार्फत् प्रदान भैरहेका सेवाहरू जस्तै: मलेरिया नियन्त्रण, बिफर उन्मूलन खोप, क्षयरोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण र परिवार नियोजन, मातृ शिशु स्वास्थ्य सेवाहरूलाई एकीकृत सामुदायिक स्वास्थ्य सेवा अन्तर्गत एउटै निकायबाट प्रदान गर्ने नीतिगत लक्ष्य सरकारको थियो। यसै उद्देश्य अनुरूप एकीकृत सामुदायिक स्वास्थ्य सेवाको विकास र विस्तार युद्धस्तरमा भयो।

केही वर्ष अघि इलाममा साक्षात्कार गरेका तीन सत्य-तथ्यहरू कार्यान्वयन गर्नका लागि यो योजना एउटा उपयुक्त मञ्च थियो। यस योजना अन्तर्गत जिल्ला जनस्वास्थ्य कार्यालयका साथै प्रत्येक गाउँ पञ्चायतमा एक ग्रामीण स्वास्थ्य कार्यकर्ता सहितको एक स्वास्थ्य चौकी र प्रत्येक वडामा एक महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको बिस्तार भयो। एक प्रभावकारी आधारभूत स्वास्थ्य सेवा प्रदायकका रूपमा यस प्रणालीको विकास र विस्तार तीव्र गतिमा गरिएको थियो। यो प्रणाली पिरामिड ढाँचाको थियो। यसको चौडा पिंधले वडा-वडाका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई समेट्थ्यो भने यसका माथिल्ला भागहरूले क्रमशः स्वास्थ्य चौकी, जिल्ला जनस्वास्थ्य कार्यालय हुँदै केन्द्रीय स्वास्थ्य मन्त्रालयमा सम्पर्क राख्थ्यो। यसरी विकास गरिएको स्वास्थ्य प्रणालीको यो ढाँचाले वडास्तरसम्म आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन समर्थ भएको थियो।

सन् १९७८ को आल्मा-आटामा आयोजित पहिलो अन्तर्राष्ट्रिय प्राथमिक स्वास्थ्य सेवा सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्ने सौभाग्य पाएँ। स्थापित भइरहेको घर दैलोसम्म प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउन समर्थ एकीकृत स्वास्थ्य प्रणालीले त्यस अन्तर्राष्ट्रिय विद्वद् सम्मेलनबाट पाएको अनुमोदनले प्राथमिक स्वास्थ्यमा कार्यरत हामी सबैमा उत्कृष्ट राष्ट्रिय गौरव, ऊर्जा र जाँगर जगायो। यो हामी सबैको सफल पेशागत अनुभूतिको गौरवमय क्षण थियो। क्रमश: सन् २०१५ सालतिर आइपुग्दा संसारमा नै यो एक नमुनाको रूपमा नतिजामूलक प्रणालीमा साबित पनि भयो। यो हो मेरो जीवनको उत्कृष्ट तक्मा-आभुषण।

केही वर्ष पहिले अर्थ मन्त्रालयमा हामीले प्रयोग गरेको नरम रणनीति पनि सफल सावित भयो। एकीकृत स्वास्थ्य अन्तर्गतको संरचनामा पूर्व स्वास्थ्य सहायकहरू अब सरकारको बजेटबाट साधारण तलब-भत्ता पाउने गरी प्रत्येक गाउँ पञ्चायतमा एक ग्रामीण स्वास्थ्य कार्यकर्ताका रूपमा समावेश भए। छैठौं पञ्च वर्षीय योजना कालसम्म (सन् १९८०-१९८५) आइपुग्दा ७५ मध्ये ४८ जिल्लाहरूमा एकीकृत स्वास्थ्य सेवा प्रदायक प्रणालीको बिस्तार भैसकेको थियो।

## नतिजा

सन् १९६० दशकको स्वास्थ्य सूचकहरूलाई आजकोसँग दाँज्दा, नेपालको स्वास्थ्य स्थितिमा आश्चर्यचकित परिवर्तन देखिएको छ। सबैभन्दा पहिले त नेपाल सहस्राब्दी विकास लक्ष्य मा मातृ तथा बाल मृत्यु घटाउने लक्ष्य सन् २०१५ अगावै हासिल गर्ने सफल दक्षिण एसियाको एक मात्र देश बनेको छ। मातृ मृत्युदर १५०० भन्दा बढीबाट २३९ मा झरेको छ। शिशु मृत्यु दर ३२ मा झरेको छ प्रति १००० जीवित जन्ममा। सुरक्षित प्रसव ० % बाट ५८ % ले वृद्धि भएको छ। पाँच वर्ष मुनिको बाल मृत्यु दर २००-३०० बाट ३९ मा झरेको छ प्रति १००० जीवित जन्ममा।

१२ - २३ महिनाका बालबालिका मध्ये ७८% ले सबै किसिमका खोप सेवा पाएका छन्। प्रति महिलाको कूल प्रजनन् दर ६ बालबच्चाबाट २.३ मा झरेको छ। परिवार नियोजन सेवा प्रयोग गर्ने दर ० % बाट ४३% ले वृद्धि भएको छ।

नेपालबाट बिफर उन्मूलनको घोषणा भएको छ, सन् १९७७ अप्रिल १३ मा। मलेरियालाई ०१९ मा नियन्त्रण गरिएको छ। कुष्ठरोगलाई सन् २००९ मा जनस्वास्थ्य समस्याको रूपमा निर्मूल गरिएको छ। सन् २००९ सम्म ८५.५५ % क्षयरोगीहरूलाई DOTS औषधि दिइएको थियो। नेपालमा 'शून्य पोलियो' समारोह सन् २०१४ मे ७ मा मनाइएको

थियो। एच.आइ.भी. एड्सको महामारी स्तरको संक्रमण सन् २०१५ देखि रोकिएको छ। हाम्रो साक्षरता १०% बाट ६६% पुगेको र हाम्रो आयु ४० बाट ७२ वर्ष पुगेको छ।

युगौंदेखिको पछौटेपनका साथै एक दशकको जनयुद्ध तथा राजनैतिक अस्थिरताका बाबजुद पनि नेपालको यो चमत्कारी छलांगले नेपालीको आत्मबल र स्वाभिमानको झलक दिन्छ। यसप्रकारका चमत्कारी नतिजा आउनुमा धेरै प्रकारका साझेदारीहरू कारक भए पनि समुदायको जगमा उभिएको यो मजबूत एकीकृत स्वास्थ्य सेवा प्रणाली नै मुख्य हो। यो प्रणालीलाई निरन्तर जीवन्त राख्ने हजारौँ लगनशील, कर्मठ स्वास्थ्यकर्मीहरू नै हुन्।

**यस्तो चमत्कारी छलांगलाई केले सघायो**?

कुनै पनि विकासका लागि राजनैतिक स्थिरता अनिवार्य हुन्छ। यस परिप्रेक्ष्यमा, तत्कालीन राजनैतिक नेतृत्वको विकासका लागि प्रबल इच्छाशक्ति, त्यसैसँग मेलखाने उत्साहित प्रशासनिक प्रणाली र ३० वर्षको राजनैतिक स्थिरताले वडास्तरसम्म पुग्ने पिरामिड ढाँचाको स्वास्थ्य प्रणालीको विकास गर्न टेवा पुऱ्याएको थियो।

स्वास्थ्य बहुक्षेत्रीय अन्तर्क्रियाको प्रतिफल हो। तैपनि अनुसन्धानले औँल्याए अनुसार कुनै पनि प्रमाणित स्वास्थ्य प्रविधि जनसमुदायमा

वर्षौंसम्म लगातार प्रयोग भएपछि मात्र सम्बधित स्वास्थ्य सूचकाङ्कमा सकारात्मक परिवर्तन संभव हुन्छ।

यस अर्थमा स्वास्थ्य सेवाको पुरानो पद्धति (paradigm) को सूक्ष्म रूपान्तर एक महत्वपूर्ण मौलिक परिवर्तन (Paradigm Shift) का रूपमा स्थापित भयो। वास्तवमा यी उल्लेखनीय स्वास्थ्य सुधारका सूचकाङ्कहरू वर्षौंसम्म ग्रामीण जनसमूहले उपभोग गरेका केही प्रमाणित आधारभूत सेवाहरूको प्रतिफल थिए।

सन् १९६२ मा थमस सामुएल कुहनले (Thomas S. Kuhn) यस प्रक्रियालाई आफ्नो विश्व प्रख्यात किताब 'The Structure of Scientific Revolutions मा व्याख्या गरे अनुसार कुनै पनि स्थापित पुराना या चल्तिका पद्धतिमा जब विरोधाभास सृजना भै काममा बाधा हुने गर्छ त्यसपछि ती पद्धतिहरू भत्किन थाल्छन् र नयाँ वा पहिले अमान्य पद्धतिहरू सञ्चालित हुन थाल्छन्। नेपालको उदाहरणले उनको व्याख्यालाई पुष्टि गरेको छ।

१० वर्षे द्वन्द्वकालको समयमा पनि मातृ-बाल मृत्यु तथा प्रजनन घट्ने क्रम जारी नै रह्यो। यो एक अचम्म लाग्दो र विरोधाभासपूर्ण तथ्यले पनि समुदायको अपनत्वको बलियो जगमा उभिएको यो आधारभूत स्वास्थ्य सेवा प्रणालीको मजबुतीलाई औँल्याउँछ।

अहिले फर्किएर हेर्दा, एकीकृत सामुदायिक स्वास्थ्य सेवा विकास योजना पुरानो नेपालको एउटा आकस्मिक संकटकालीन निर्णयका रूपमा शुरू भएतापनि स्वाभिमान रणनीतिको रूपमा फस्टायो। यसले गर्दा समय अगावै मातृ तथा बाल स्वास्थ्यका सहस्राब्दी लक्ष्य हासिल गर्ने दक्षिण एसियाको एक मात्र समर्थ देशका रूपमा नेपाल चिनियो। यसले हाम्रो राष्ट्रिय गौरवमा अझ चमक थपेको छ।

## निष्कर्ष

५४ वर्ष अघिको पुरानो नेपालमा काम गर्दा भोगेका चुनौतीमाझ गरिएको कैयौं सङ्कल्प साकार भएका छन्। यी संकल्पलाई साकार पार्नुमा स्थानीय अनुभव तथा ज्ञानको पनि उत्तिकै योगदान छ। विश्व विद्यालयका पाठ्यपुस्तकमा सिकेका कतिपय वैज्ञानिक तथ्य तथा सिद्धान्तलाई यथाभुत स्थानीय वास्तविकतामा ढाल्न स्थानीय अनुभव तथा ज्ञानको उत्तिकै खाँचो पर्छ। यसमा स्थानीय महिलाहरूको विशेष योगदान रहेको छ। समग्रमा मुलुकको यो संकल्पलाई  साकार पार्ने टोलीको एक सक्रिय सदस्य हुने सौभाग्य पाएकामा आफैलाई भाग्यमानी ठानेकी छु। यसले मेरो जीवनलाई थप सार्थक बनाएको छ ।

आफ्नै अनुभूतिलाई साक्षी भावले हेर्दा नेपालमा कुनै पनि प्रकारको बिकास कार्य सफलतापूर्वक गर्न सकिन्छ भन्ने नै लाग्छ। यस्ता सफलताको बिउ जनस्तरमा गरिएको बहुजन हिताय कार्यबाट मात्रै

अङ्कुरित हुन पाउँछ, फैलन पाउँछ र यसैबाट अभिव्यक्त हुन्छ राष्ट्रियता र राष्ट्रप्रेम।

यही मान्यतालाई अँगाली अहिले पनि देशको भयावह चुनौतीका रूपमा रहेको हृदयरोगका प्रारम्भिक जोखिमहरूका विषयमा सातै प्रदेशका स्कूले नवयुवाहरूसँग मिलेर काम गर्न र यो क्षेत्रमा आवश्यक परिवर्तनका लागि भाष्कर-तेजश्री स्मृति प्रतिष्ठान मार्फत् पहल गरिरहेकी छु। नवयुवाहरूमा रहेका यी जोखिमहरूमा आएको उल्लेखनीय परिवर्तनबाट म झनै उत्साहित भएकी छु।

**अन्त्यमा**

नेपाललाई शून्य तहदेखि सहस्राब्दी लक्ष्यमा पुग्ने सफल यात्राको श्रेयका भागेदारी पात्रहरू (आमा समूहदेखि महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरू, हेल्थपोस्ट लगायत जिल्ला जनस्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मी सहयोगीहरू, सम्बन्धित अन्तर्राष्ट्रिय दातृ संस्थाहरू र स्वास्थ्य मन्त्रालयका नीति निर्माता तहका महानुभावहरू सबैमा आभार ब्यक्त गर्दछु।

धन्यवाद

# जगदम्बा-श्रीबाट सम्मानित श्री बैरागी काइँलाज्यूको मन्तव्य

**श्रीमान् अध्यक्षज्यू, मदन पुरस्कार गुठी**

आरम्भमा नै यहाँहरूले श्री जगदम्बा-श्री पुरस्कारका लागि मलाई योग्य ठानिदिनु भएकामा कृतज्ञतासहित हार्दिक आभार व्यक्त गर्दछु।म

मुन्धुमप्रति मेरो चासो आरम्भमा साहित्यकारको हैसियतमा बढ्यो। बढ्दै जाँदा निकैपछि मात्र मैले मुन्धुभित्रको लिम्बू जीवनदर्शनलाई हेर्न थालेको भन्दा हुन्छ। तर अझै पनि मलाई के लाग्दछ भने मुन्धुमप्रतिको मेरो झुकाउ मानवशास्त्र तथा समाजशास्त्र झैँ ज्ञानका अनुशासनमा आधारित नभएर मुन्धुमभित्रको सुन्दर र प्रभावशाली काव्यात्मकताले वशीभूत भएर तथा लोपोन्मुख मुन्धुमको संरक्षण र संबर्द्धनका हेतुले हो। यिनै कुराले मैले आफ्नो जीवनका महत्वपूर्ण वर्षहरू मुन्धुमको सङ्कलन, सम्पादन र नेपाली भाषामा अनुवाद गर्नमा खर्च गरेको छु।

वि.स. २०१२ सालमा लन्डन युनिभर्सिटीको स्कूल अफ ओरियन्टल एन्ड अफ्रिकन स्टडिजका प्राध्यापक आर्. के. स्प्रिग तत्कालीन इन्डिया अफिस लाइब्रेरीमा बी. एच्. हज्सनले सङ्गृहित गराएका (१८६४ तिर)

लिम्बू लिपि, भाषा, मुन्धुम, संस्कृति, इतिहाससम्बन्धी लिम्बू लिपिमा लिपिबद्ध हस्तलिखित पाण्डुलिपिको छायाप्रति लिएर नेपाल आउँदा पाँचथर, सारतापस्थित हाम्रै घरमा महिना दिनजति श्रीमतीसहित बसेका थिए। उनीहरूलाई भेटेपनि लिम्बू लिपि र भाषाबाहेक मुन्धुमको मूल विषयमा मेरो रूची नबढेको अवस्था रहेछ, उसबेला।

ईमानसिंह चेम्जोङले सङ्कलन, सम्पादन र अनुवाद गरेका *किरात मुन्धुम* (किरातको वेद, वि.स.२०१८) पुस्तक प्रकाशित भएर पढ्न पाएपछि लिम्बू भाषा, लिपि, साहित्य, संस्कृति र इतिहासका खोजीमा र संबर्द्धनमा लागेका ऋषितुल्य चेम्जोङबाट उत्प्रेरित भएर लागेको हुँ भन्दा अतिशयोक्ति हुँदैन।

## लिम्बू दैनिक जीवनमा मुन्धुम र अनुष्ठान

हामी लिम्बूजातिले घरमा पालेका सुँगुर वा कुखुरा खान परे फेदाङ्मा बोलाएर पूजा गरेपछि मात्र बलि दिएर खान्छौँ। उँधौली उँभौलीका छेकामा वर्षमा घटिमा एकपटक शिर उठाउने पूजा (माङ्गेन्ना) पनि गर्दछौँ। घरमा कुनै छोरीबुहारी दुईजीउकी भएमा दुःखकष्टविना जायजन्म होस् भनेर कोखपूजा गर्दछौँ। तीन वर्षमा एकपटक कुलदेवताको पूजा भव्यताका साथ गर्छौं त्यसरी नै पुर्खाहरूसँगको सायुज्य मिलनका लागि तीनवर्षमा एक पटक तङिसङ मुन्धुमको वाचन र अनुष्ठान पनि भव्यताका साथ गर्दछौँ। शुभ्यफाप्यका लागि घरभित्रका मङ्गलकारी

देवीदेवताहरू (थेबा साम्माङ, नाहाङ्मा तथा दुङ्दुङ्गे तथा युमा साम्माङ)को नियमित पूजा र अनुष्ठान तथा नराम्रा वनका अनिष्टकारी देवीदेवताहरूका कोपभाजनबाट मुक्त रहनका लागि तिनलाई मन्साउने पूजाहरू गरिरहन्छौँ। एकै कुलवंशका लिम्बूपरिवार मिलेर वर्षमा एकपटक घरबाट शुरू गरेर खोलासम्म पुगी आपसी वैरभाव र द्वेषजन्य व्यवहार सदाका लागि हटाउन गालीसराप बगाउने पूजा सामाजिक सद्भावको उत्सवका रूपमा गर्दछौँ। खेतीपातीमा आधारित जीवन यापन गर्न थालेका लिम्बू पुर्खाहरूले उहिलेदेखि गरिल्याएका ऋतुअनुसारका उँधौलीका अवसरमा चासोक (खेती उठाउने बेला, न्वाँगी पूजा) र उँभौलीका बेला यकवा (खेती लाउने बेला, धूलपूजा) पूजाहरू गरिल्याएका छौँ।

माथि वर्णित यामअनुसारका तथा अन्य विविध पूजाअनुष्ठान गर्दाका बेला वाचन गरिने मौखिक पाठ, तिनका विषयवस्तु र अनुष्ठानका विधि अलग-अलग हुन्छन्।

हाम्रा फेदाङ्माले पूजा गर्दा कण्ठाग्र फलाकेका वा गाएर ल्याएका विविध मुन्धुमको मौखिक पाठभित्र पाइने विविधता, भाषा, बिम्ब, प्रतीक र तिनमा विद्यमान काव्यात्मक साहित्यबाट म वशीभूत भएको छु।

## मुन्धुम शब्द र अनेक अर्थहरू

दैनिक व्यवहारमा मुन्धुम शब्दलाई कथा, कुथुङ्ग्री, आख्यान, मिथक, पुराण, गाथा तथा शास्त्र बुझाउने अर्थमा प्रयोग गरिएको पाइन्छ। सामान्यतः सांस्कृतिक मूल्य र मान्यता मात्र नभएर उच्च धार्मिक महत्व पनि हुनाले मुन्धुम शब्दलाई विशेष गरेर श्रुतिपरम्परागत शास्त्रको अर्थमा लिइन्छ।

## मुन्धुम र मिथक

मुन्धुमलाई मिथक (कल्पनामा आधारित) पनि भनिन्छ। लोकवार्ताविद्हरूका अनुसार मिथक सुदूर अतीतमा घटेका घटनावलीको विवरण हो। समय, तिथिमिति आज हाम्रा स्मरणमा नरहे तापनि ती घटनाहरू यथार्थ थिए भन्ने मानिन्छ। यसरी मिथकलाई मिथ्या भनेर अविश्वास गरिए पनि हामीले हाम्रा ती सुदूर अतीतमा घटेका घटनावलीलाई तीभित्र निहित व्यञ्जना र लाक्षणिक अर्थहरूका आधारमा विश्वास गरिआएका छौँ।

## मुन्धुमः श्रुतिपरम्परा कि श्रुतिशास्त्र

प्राचीन समयदेखि गुरूपरम्पराले पुस्तान्तरण भइआएकाले मुन्धुमलाई लोकवार्ताविदहरू श्रुतिपरम्परा भन्दछन्। मुखमुखै भनिँदै आएकाले

मुन्धुमलाई चलनचल्तीको भाषामा थुत्थुरे (थुतुनो मात्र चलाएर पाठ गरिने) शास्त्र भन्ने लोकोक्ति प्रचलित छ। लिम्बू जातीय पूरोहितहरू (फेदाङ्मा, साम्बा, येबा, येमाहरू)ले मुन्धुम मुखमुखै भनेर आजसम्म नै ल्याएका छन्। लिम्बू भाषामा मौखिकरूपमा भनिने थुत्थुरे मुन्धुमलाई थुङ्साप मुन्धुम (मौखिक शास्त्र) भनिन्छ।

ब्रह्माण्डको उत्पित्तदेखि चराचर जगतको सृष्टिको विकासक्रममा मान्छेको सृष्टिपछि मानव कुल, वंश र परिवारको विकाससँगै मानव बसाइँ सराई वा स्थानपरिवर्तनका साथै मानवसमाजको उत्थान र पतनको विवरण विविध गाथा, किंवदन्तीमा जीवित राखेर विगतका गौरव सम्झाउने श्रुतिपरम्पराका रूपमा जीवित मुन्धुमको पाठ प्राचीन र अलिखित इतिहास पनि हो।

## मुन्धुमको संरचना र काव्यात्मक तत्व

मुन्धुमको आफ्नै प्रकारको संरचनाको शैली छ। यसमा वर्णित आख्यानको विकास क्रमबद्ध र विशदरूपमा अर्थात् क्रमविकासको सिद्धान्तमा विकसित भएको भान हुन्छ।

सुदूर अतीतदेखि श्रुतिपरम्परामा जीवित मुन्धुम गेयात्मक वा पद्यात्मक हुन्छ। मुन्धुमभित्र वर्णित सृष्टिको कथा, मान्छेको उत्थान र पतनका आख्यान (मिथक), कल्याणकारी र अनिष्टकारी पारलौकिक शक्ति

(देवीदेवता, भूतप्रेतादि)हरूको आख्यान गायन र वाचन गर्ने अलग-अलग परिपाटी, शैली, छन्द र लय हुन्छन्। गायन गरिने मुन्धुममा विषयवस्तु तथा प्रसङ्गअनुसार उठानदेखि बैठानसम्म भिन्न-भिन्न शैली र छन्दका प्रयोग हुन्छन्। अर्थलाई गम्भीरता दिनु र मिठास प्रदान गर्नु गायनवाचनको बीचबीचमा पदहरूको उचित पुनरावृत्ति, अलङ्कार र उपमाको सार्थक प्रयोगले मुन्धुमलाई उच्चकोटीको काव्य साहित्य बनाएको छ। त्यति मात्र नभएर प्रसङ्ग र विषयअनुसार कतै हास्यरसले पूर्ण अभिनयसहित गद्यात्मक शैली, कतै काव्यात्मक संवादको शैली, कतै सुन्दर अभिनयसहितको नृत्य, गायन र वाचनले युक्त मुन्धुमी साहित्य लोकनाटकीय तत्वले भरिपूर्ण हुन्छ।

## मुन्धुम र प्रकृतिसँगको घनिष्टता

लिम्बूका पुर्खाको प्रकृति र वातावरणसँगको तादात्म्य र घनिष्टता मुन्धुमले देखाउँछ। मानवपुर्खाहरूको विभिन्न दिशामा बसाइँ सराइका क्रममा तिनले पार गरेका मार्गका चित्र, चर्चेका र भोगेका भूमिको भौगोलिक प्रकृति आदिको मनोरम विवरण मुन्धुममा गरिन्छ। मानवजातिले आर्जेको वनजङ्गल, पशुपन्छी, वनस्पति, फलफूल, कन्दमूलसम्बन्धी अद्भूत ज्ञानको विवरणले भरिएको हुन्छ मुन्धुम।

मानवको उत्तरजीवन (सर्वाइवल) का लागि वनस्पति, जलचर, कीटपतंग, पशुपन्छी र वातावरण महत्वपूर्ण हुन्छन्। तिनका मानवमैत्री र

मानवविरोधी  स्वभाव, विशेषता, सीप र गुणहरूकाबारे मानवजातिले आफ्नो 'सर्वाइवल'का लागि आर्जेको अत्यन्त उपयोगी अनुभवजन्य ज्ञानको सारसङ्ग्रह मुन्धुममा पाइन्छ।

## मानिसको दुखान्त र मुक्तिको युक्ति

मुन्धुमअनुसार सृष्टिको क्रमविकासको अन्तिम कडी मानिसको सृष्टि हो। तर मानिस नश्वरचोलाको हुनपुगेको दुखद् घटनापछि मानिसलई धरती नामको विशेष स्थितिमा एक्लो छोडेर असन्तुष्ट सृष्टिकर्ता (ईश्वर) स्वयम् कालको चक्र (इनुनु इमिलुङ् इनुनु इलुङ्सुम्) मा अदृश्य हुन बाध्य भयो। त्यसपछि केही नजान्ने (थेमेन्निमा सा), केही नदेख्ने (थेमेन्धा सा) र नबुझ्ने (थेमेल्ले सा) असहाय भएको एक्लो मानिसका लागि सृष्टिकर्ता ईश्वर अज्ञात, जानेर नजानिने (मेन्निमाङ) र आँखाले देख्न नसकिने (मेन्धामाङ) सत्ता भयो। मानव हुनुको दुःखान्त यहीँबाट शुरू भयो।

## मानव जीवनको त्रासदी

यसरी आइलागेको त्रासदीको चपेटामा मानिसले अनेक आरोह-अवरोह बेहोर्नु परेको छ। अज्ञानता र प्राकृतिक विपदासँगसँगै मानवसमाज, जाति, कुलवंश र पारिवारिक सम्बन्धको उद्भव र विकासक्रममा भएका समीकरणमा फेरबदलले 'सर्वाइवल'का लागि मान्छेले गरेको प्रयत्न र

संघर्षको क्रममा पारिवारिक र सामाजिक अस्वस्थ प्रतिद्वन्द्विता, आँखीडाही, ईर्ष्या, लोभलालच, व्यभिचार, रिस र क्रोधजस्ता भावनाले समाज, कुलवंश तथा परिवार असुरक्षित र अशान्त भयो। नकारात्मक गुणहरूको समुद्रमा आकण्ठ डुब्नपुग्यो मानवजीवन। तर अब यी सबै मानिसको आफ्नै कर्मका फल हुनाले यसका लागि उत्तरदायी मानिस नै हुने भयो।

मानवको अस्तित्वमा आइलागेको त्रासद् सङ्कटहरूबाट मानव अस्तित्व सुरक्षित राख्न मान्छे आफैले नै प्रयत्न गर्नुपर्ने भयो। सङ्कटहरूबाट उन्मुक्तिको उपायको खोजीमा मान्छेले पाएको मार्ग भनेको सकारात्मक मूल्य र मान्यतामा आधारित सदाचारको समष्टि ज्ञानको सङ्ग्रह मुन्धुमको निर्माण भयो। त्यतिमात्र नभएर ईश्वर तथा जीवन र जगत्सँग सम्बन्धित रहस्यबारेमा मान्छेको कौतूहलपूर्ण जिज्ञासाबाट जन्मेका कठिनतर प्रश्नहरूका उत्तरको खोजीमा आदिम कालदेखि लिम्बूजातिले मार्गदर्शन बनाएर ल्याएको आस्था र विश्वासहरूको प्रणाली र जीवनदर्शन नै मुन्धुम हो।

## मुन्धुममा चोत्लुङ (सिद्धिप्राप्ति) अथवा मोक्ष

मुन्धुमअनुसार ईश्वर स्वयंले पनि टार्न नसकेको जीवनको सत्य भनेको कालको चक्र (इनुनु इलुङ्सुम) अथवा मृत्यु हो। तर मृत्युलाई असल कर्म (good/right) ले पराजित गर्न सक्दछन्। मान्छेको जीवनमा

आइलागेको यही दुःखान्त वा त्रासदी (ट्रेजेडी) जस्तो सङ्कटबाट मुक्त भएर मान्छे हुनुको गौरव र अर्थ बचाउन असल कर्मको दिशामा उसको प्रयत्नको आख्यान नै आजको मान्छेको यथार्थ हो।

## सत् छ सुन्दरै, सुन्दरै छ सत्

सृष्टिको प्रारम्भ गर्दाकै क्षणदेखि ईश्वरले सृष्टिको परिपूर्णता नै सुन्दरता हो भनेर भाव व्यक्त गरेका छन्। केही नभएको महाशून्यबाट सृष्टिकार्य जारी गरिरहँदा "सृष्टि सुहाएन नि, सुहाएन नि। राम्रो देखिएन नि, राम्रो देखिएन नि" भन्दै ईश्वर स्वयं विरह र वेदनाले व्याकुल भएको वर्णन लिम्बू मुन्धुममा मात्र पाइन्छ। मान्छेको सृष्टिपछि सृष्टिकार्यले पूर्णता पाएर सुन्दर देखिएको अनुभूतिले ईश्वर सन्तुष्ट भए। हुन पनि अपूर्णता सधैँ असुन्दर हुन्छ र परिपूर्णता सदा सुन्दर हुन्छ। त्यसैले सम्पूर्ण हुन सकेको सृष्टिस्थिति मात्र सुन्दर हुनाले सत्य पनि हुन्छ। अर्को शब्दमा सुन्दर नै पूर्ण हो र सत्य हो। हुन पनि कविहरू (जोन किट्स, महाकवि लक्ष्मीप्रसाद देवकोटा) का अनुसार "सत् छ सुन्दरै, सुन्दरै छ सत्" (truth is beauty, beauty is truth)।

## मुन्धुम र अमूर्त सम्पदा

मानव उत्तरजीवन (Survival) का लागि हाम्रा पुर्खाहरूले अलौकिक, आधिदैविक शक्ति र प्राकृतिक प्रतिकूलतासँग गरेका संघर्ष, तिनका

शूरवीरता र मानवोचित कर्तव्याकर्तव्यका गाथा, देवी-देवताका प्रकल्पना र धार्मिक आस्थाका मिथकहरू, इतिहासको जन्मभन्दा सुदूर अतीतमा घटित घटनाका श्रुतिपरम्परागत दस्तावेज, पुर्खाले आर्जेको ज्ञानले समृद्ध मुन्धुमको अमूर्त सम्पदाका रूपमा ठूलो महत्व छ।

लिम्बूजातिको साझा जातीय अनुभवजन्य ज्ञानको पुञ्ज श्रुतिपरम्परागत मुन्धुम हो। मानिस (लिम्बू) जातिले समयक्रममा सभ्यता र संस्कृतिको क्षेत्रमा उपलब्ध गरेका उच्चतम उपलब्धिहरू श्रुतिपरम्परा वा मुन्धुमभित्रका लोककथा, लोकगीत, मिथक र तिनले व्यवस्थित र निर्देशित गरेको थिति, नीति र चालचलन जस्ता धार्मिक, आध्यात्मिक र नैतिक मूल्यमान्यता र जीवनदर्शन हाम्रा सांस्कृतिक सम्पदा हुन्।

मानिसले अन्तरमनबाट कलह, झगडा, युद्ध र विनाश निम्त्याउने रिस र इबी, आँखी र डाही, लोभ र लालच अनि छलकपटजस्ता मानवताविरोधी गुणहरूको समूल विनास गर्नुपर्छ। हाम्रा विश्वास र आस्थाहरू मात्र असल भएर हुँदैन, व्यावहारिक जीवनमा तिनको पालना हुनुपर्छ। सम्पूर्ण स्थावर र जङ्गम, वनस्पति, पशुपन्छी र मानिसको सृष्टिपछि मात्र परिपूर्ण भएर सुन्दर हुनसकेको हो, यो पृथ्वी। यो जगत् मानिसको मात्र पेवा सम्पत्ति होइन। पृथ्वी सम्पूर्ण चराचरजगत् र प्रकृतिकै साझा सम्पत्ति हो। सबैको उत्तरजीवन (सर्वाइबल) भनेको नै मानिसको उत्तरजीवन (सर्वाइबल) हो। त्यसैले पृथ्वीको वातावरण, र प्रकृतिको संरक्षण मानिसको उत्तरजीवनका लागि अनिवार्य शर्त हुन्छ।

सुन्दर र परिपूर्ण संसारको निर्माणका लागि मानिसले जुनी पाएको हो भन्ने हाम्रा पूर्खाहरूको सामूहिक अनुभवजन्य ज्ञान नै हाम्रो जीवनदर्शन हो। मुन्धुमबाट हामीले पाएको यही ज्ञानलाई मानिस लगायत यो जगत्को भलाईका लागि उपयोग गरौँ। यसरी हामी चोतलुङ (सिद्धिस्थल)को आरोहणमा सफलता पाएर पुर्खाहरूसँग सायुज्यमा पुग्दछौँ।

## अन्त्यमा

एक व्यक्तिले देखेको बुझेको संसार र सामूहिक रूपमा बुझिएको संसारमा विराट् अन्तर हुन्छ। सुदूर अतीतदेखिका हाम्रा मानव पुर्खाका सामूहिक अनुभव र ज्ञानको सारसङ्ग्रह मुन्धुम आजको एकजना स्रष्टाव्यक्तिको काव्य सृजना–कर्मभन्दा महान् हुन्छ। साझा अनुभव र बुझाइले आर्जित सामूहिक ज्ञान नै मुन्धुम हुनाले लिम्बूसमुदायलाई यसले एकापसमा बलियोसँग आबद्ध राखेको छ।

आधुनिक समयमा शिक्षा, विज्ञान, प्रविधि, बसाइसराइ, मिश्रित बसोबास, आधुनिकता र भूमण्डलीकरणको निरन्तर आक्रमणले अमूर्त सांस्कृतिक सम्पदाका रूपमा रहेको सामूहिक बुझाइ र ज्ञानको स्रोत मुन्धुम सङ्कटग्रस्त छ।

युगानुयुगदेखि श्रुतिपरम्परामा जीवित अमूर्त सम्पदा मुन्धुम सबैका दृष्टिमा पुगोस्, संरक्षण र सम्बर्द्धनमा आंशिक टेवा पुगोस् भनेर यस दिशामा सानो प्रयाससम्म गरेको हुँ। यसो गर्दा लिम्बूजातिको मुन्धुमलाई लिम्बू भाषा लेखिने सिरिजङ्गा लिपि र देवनागरी लिपिमा लिम्बू भाषाको लिपिवद्ध गर्ने काम र नेपाली भाषामा अनुवाद गरेर लिम्बू भाषाभाषीका साथै नेपाली लेख्नेपढ्ने र बुझ्ने जुनै भाषाभाषी पाठकहरूमा पुगोस् भनेर अग्रजहरूले प्रारम्भ गरेका कामलाई मैले पनि निरन्तरता दिएको मात्र हुँ।

यति नै सानो कामलाई पनि मदन पुरस्कार गुठीले सम्मानयोग्य ठानेर जगदम्बा-श्री पुरस्कारले सम्मानित गरेकामा मदन पुरस्कार गुठीप्रति हार्दिक आभार व्यक्त गर्दछु। धन्यवाद।

## मदन पुरस्कारबाट सम्मानित श्री योगेश राजज्यूको मन्तव्य

### रित्ता ठाउँको इतिहास

*रणहार*का पाठक, प्रकाशक, मदन पुरस्कार गुथिका विज्ञसमिति र सभालाई धन्यवाद।

यहाँहरूले *रणहार*का लेखकलाई यो ठाउँमा उभिन दिनुभयो। यो ठाउँ यसअघि धेरैले ओगटिसके। आउँदा वर्षमा धेरैले ओगट्ने छन्। उनीहरूमध्ये कतिजना जीवित छैनन्, कतिजना यहीँ छन्, कतिजनालाई यो ठाउँसित आफ्नो सम्बन्धको कुनै छनक अझै छैन। अरू कतिजना सिर्जनशील स्रष्टाहरूले यसै ठाउँलाई आफू नपुग्ने अथवा पुग्न नचाहने ठाउँ भन्ने ठम्याएर लेखिरहेका छन्। उनीहरू सबैसित आज सम्बन्ध गाँसिएको छ। उनीहरू सबैप्रति कृतज्ञ छु।

हरेक ठाउँका धेरैवटा अर्थ हुन्छन्। तिनको इतिहासका धेरै बान्की हुनसक्छन्। इतिहास लेख्दा ठाउँले हामीलाई कसरी हेर्दो हो, र हामीले ठाउँमाथि के-के आरोप लगाउँदा हौँ भन्ने विषय वरिपरि आफूलाई लागेका दुईचार कुरा भन्ने यहाँहरूसित अनुमति चाहन्छु। स्थानकल्पनाले प्रेरित भएर हामीले आकाशमा ठाउँ बनाउँछौँ। एउटा

ठाउँलाई विभिन्न स्वरूपमा ढाल्छौँ। कति गुल्जार ठाउँलाई छाड्छौँ र सुनसान बनाउँछौँ। सारमा, सबै ठाउँले हामीलाई सहेको हुन्छ। हामीमध्ये थोरै मात्र केही ठाउँको इतिहास अथवा उपन्यास लेख्न अभिशप्त हुन्छौँ।

## ठाउँसँग निर्विकल्प नाता

२०५८ को दशैँताका *हिमाल* पाक्षिकमा एकजना लब्धप्रतिष्ठित सम्पादक-लेखकको एउटा निबन्ध छापिएको थियो। त्यो संस्मरणमा उनले काठमाडौँ खाल्डोसँग शुरूशुरूका संसर्गका प्रसङ्ग उठाएका छन्। निबन्धको सार यस्तो थियो। आफू जन्मेर हुर्केको स्वर्गको टुक्राजस्तो गाउँ कतै थियो। त्यसलाई छाडेर यो खाल्डोमा बसेको आधा शतक भइसक्यो। गाउँले उनलाई चिनेजस्तो गर्न छाड्यो। काठमाडौँले उनलाई आफ्नो भन्दैन। उनी बाध्यताले यसको चौगिर्दाभित्र कैद भइरहे। चाहेर पनि उम्किन सकेनन्। यो गहिरोमा भासिनु उनको जीवन बन्यो (*हिमाल* १-३०, २०५८ असोज)।

उनको भासिनु क्रियापदले छाडेन। आजसम्म छाडेको छैन। ती लेखकसँग कुनै विमति थिएन। हुनसक्दैन। गुज्रेको आधा शताब्दीमा ठूलो संख्यामा नेपालीहरूले यस्तै अनुपस्थितिको पीडा सहनुपरेको छ। घर भएको ठाउँ, पहिलो देशमा, हामी बस्दैनौँ। हामी बित्ने ठाउँ, दोस्रो देशमा, घर बन्न सकेको हुँदैन। होमी के भाभा (*संस्कृतिको अवस्थिति*, सन् १९९४) लाई सम्झेर भन्ने हो भने, हामी 'तेस्रो देश'मा बस्नुको

दु:खमा बाँच्छौँ। अरूले हेर्दा हामी सङ्कर (पातलो स) हुन्छौँ। भविष्यबाट हेर्दा हामीबाटै नयाँ संस्कृति बन्न थालेको हुन्छ। हामी भने आफ्नै अलमलमा पिल्सिएका हुन्छौँ। यो उत्तर-आधुनिक नियति हो। यति बुझेपनि भासिनु क्रियाले घोचिरह्यो।

निश्चय पनि विस्थापनका धेरै जीवनी परिबन्दमा टुङ्गिन्छन्। तिनको थालनी भने सविकल्प हुनसक्छ। कतिका जीवनमा त फर्किने विकल्प बेलामौकामा कायमै देखिनसक्छ। भासिनु महँगो परेको दिन तिनले यो गर्त छाड्न पाउनेछन्। तिनलाई फर्केर जाने असजिलो सुविधा हुन्छ। तिनको फर्किने छनोट बाँकी रहन्छ। फर्केर पुग्ने कुनै ठाउँ हुन्छ। पुग्दा त्यो ठाउँ अपरिचित भइसक्ला तर पुराना चिनाजानीका सबै धागा चुँडिसकेका हुँदैनन्। त्यो ठाउँलाई आफ्नो भन्ने केही आधार र एकदुई साक्षी बचेकै हुन्छन्।

कुनै मनोहर थातथलो पछि फर्कने गरी, अथवा परिबन्दमा परेर कहिल्यै नफर्किने गरी यो खाल्डोमा पाइला टेक्न आउनेहरूको दु:ख गाह्रो हो। तर यही खाल्डोमा जन्मेहुर्केकाहरूको दु:ख सोच्नुस्। यिनीहरू कहीँ जान सक्दैनन्। फर्कँदा पनि यिनले यहीँ भासिन आउनुपर्छ। प्रलय गए पनि यिनलाई भाग्ने सुविधा छैन। यो ठाउँले यिनलाई समातेको छ। माया लागोस् नलागोस्, यिनले यही ठाउँलाई बेहोर्नु छ। यिनै ढल बनेका खोला किनारमा यिनले कति पूर्वजका अस्थि सेलाएका छन्। कति स्वजनको हिक्क हिक्क जीउलाई यहीँका साँघुरा अँध्यारा छिँडीमा

उतारेका छन्। टेको लगाई उभेका यिनै सत्तलमा यिनले कति आफन्तसित अन्तिम विदा मागेका छन्। जोश मलीहावादी (सन् १८९८-१९८२) ले भने झैँ यो ठाउँसित वाक्कदिक्क लागेर यिनले घर छाडौँ भनेपनि कहाँ छाउनी लगाउलान्? यो खाल्डोसँग रिसाएर मन मारेर यिनले कहाँ घर खोज्न सक्लान्?

आखिर संरचना र संसर्गले मात्र घर बन्ने होइन। पुर्खा, जन्म र भविष्य नघोलेसम्म कुनै ठाउँमा घर बन्दैन। तपाइँलाई नसमात्ने, नतान्ने घर हुँदैन (गृह र ग्रहण पदको धात्वार्थ नजिकै छन्)। जसरी जैविक सम्बन्ध नातागोता हाम्रो छनोटमा हुँदैनन्। तिनले हामीलाई छाड्दैनन्। त्यसरी नै जो यो गर्तमा जन्मे, यिनलाई यो गर्तले छाड्दैन। यिनीहरू यो धुलोधुँवाले धमिलिँदै, वैलिँदै खुइलिँदै गएको, आगन्तुक अतिथिको पीर मर्का र कोलाहलले त्रस्त खाल्डो छाडेर जान सक्दैनन्। यिनको प्रारब्ध यहीँ तय भयो। यिनीहरू पुर्खाको सपनाभित्र जिउन अभिशप्त छन्। परम्पराले बाँधिएका छन्। पुर्खाको कुन आदर्श चरितार्थ गर्न जन्मेका हुन् यिनीहरू जान्दैनन्। आफू वरिपरि किन निष्ठाको कर्मकाण्डको बाक्लो जञ्जाल छ यिनलाई थाहा छैन। त्यसैले यिनले ठाउँसित गर्ने प्रेम पछि झाँगिने सम्बन्धको पूर्वाभ्यास होइन। ठाउँसँग हुने यिनको प्रेम दिइएको सम्बन्धमा पछि उत्पन्न हुनसक्ने एउटा प्रभाव मात्रै हो। यिनको घरठाउँ निर्विकल्प सम्बन्धको सञ्जाल हो। यिनले कतै रमाइलो घमाइलो हरियोपरियो ठाउँमा आफन्तमाझ दशैँ मनाएर

भासिनुपर्दाको दु:ख होइन, बेग्लै प्रकृतिको - आफ्नो ठाउँको अस्तित्व नै संकटापन्न हुँदाको - दु:ख भोगिरहेका हुन्छन्।

जसका माझ जन्मिन्छौँ, ज-जसलाई आफू जन्मिँदा आफ्नो छेउछाउ पाउँछौँ, जोसँग अभ्यस्त हुनु छ, जन्मिनअघिका लेनदेन चलाउनु छ, तिनलाई बुझ्नु र सहनुको हामीसित विकल्प हुँदैन। पुख्र्यौली वेदनासँग बल्झेको ठाउँलाई सहनुको विकल्प छैन। ठाउँलाई सहने कामको एउटा परिणाम उपन्यास हो। ठाउँको नियतिमा अल्झेको पीडा बुझ्नुको विकल्प छैन। यो बुझ्ने कामको परिणाम ठाउँको इतिहास हो। दु:ख भोग्ने सबैजनाले उपन्यास लेख्दैनन्। ती जम्मै भावनाको रापले डढेका हुन्छन्। बुझ्न खोज्ने सबैजनाले इतिहास लेख्दैनन्। ती जम्मै इतिहास-बोधको रासमुनि दबेका हुन्छन्।

## इतिहास र भावनाले डढेको मानिस

ज-जसले ठाउँलाई बुझ्न इतिहास लेखे, तिनको स्थानकल्पना बाहिरिया इतिहासविद्‌भन्दा बेग्लै थियो। परदेशी प्राज्ञहरूले यो खाल्डोमा आदर्श र अनुभवको पत्रेदार बनोट देखे। आज बगैँचा रहेको ठाउँमा तीनसय वर्षअघि बस्ती भेटे। बजारको चहलपहलमुनि पाँचसय वर्षअघि कुलो बगेको पत्तो लगाए। गरा गरा खेत पल्टाएर एक हजार वर्ष पुरानो बौद्ध मठ खोजे। तिनले भने, यो पुरातन ठाउँ हो। यहाँ अतीत सतहमै छरपष्ट छ। यहाँ एउटै घरमा छिँडीको दलान राणाकालिक देखिन्छ। चोटाको

पासूकाइझ्यालमा चौधौँ शताब्दीतिर बाहिरी हमला अंकित भेटिन्छ। मातंमा प्रतापमल्लको लश्कर हेर्न निहुरेको सँझ्याल छ। त्यसमाथि १९९० सालको भैँचालोपछि थपेको बार्दली छ। अफ्रिकनहरूसँगै नेपाल पसेको जस्तापाताले त्यो घर छोपेको छ। यसरी बाहिरिया इतिहासकारले यो सिँगो खाल्डोको सतहमै समयक्रमको उथलपुथल देखे। समयक्रम भङ्ग भएका संरचना पाए। तिनले शिलालेख खुट्याए, पढे, मूर्ति रचनाकाल पहिल्याए, काठका चौकोसको कार्बनडेटिङ गरे। भुइँमा भेटेका पुरावस्तु पर्गेलेर तिनले यो ठाउँको इतिहास लेखे।

कति स्थानीय इतिहासकारहरूले जीवनभर वर्तमानबाट अपमान पाए। परम्परादेखि निर्वासनको त्रास बोके। आफूलाई दिनरात घरव्यवहारमा आफन्त, गोतिया र समुदायको निगरानीभित्र पाए। आफ्नो तनमनभरी अटेसमटेस स्मृतिको उठानबैठान सहेर बाँचे। तिनको स्थानकल्पना अतिथि इतिहासकारहरूको झैँ स्थूल सतही पुरातत्त्व हुनसक्दैनथ्यो। त्यसैले तिनले भौतिक, साँस्कृतिक र भाषिक अतिक्रमणका चिन्ह खोजे। जातीय, वर्गीय र समूहगत स्वार्थ सिद्ध गर्न अरूले लादेका हिंसाबाट क्षतविक्षत ठाउँका नाम र गतिविधि चिनाए। रैथाने र आगन्तुकहरूबीच फरकफरक ध्येय, शैली र सत्ताका प्रभाव देखाए। तिनले पर्यटकीय हातेपर्चाभन्दा फरक बान्कीमा ठाउँको इतिहास लेखे। भने, शक्तिको हानथापमा यो ठाउँको इतिहास केरमेट छ। भुइँमा के भेटिन्छ भन्ने कुरा सत्तामा बस्नेले तय गरेका हुन्। पराजितहरूको कथा

लेख्न नबोल्नेहरूको बोली सुन्न सक्नुपर्छ। संरचनाले उभिनु अथवा ढल्नुपर्दाको भय बुझ्न सक्नुपर्छ।

उपन्यास लेखक चाहिँ भावनाको रापमा डढेको मानिस हो। उसले देख्ने ठाउँको इतिहास अझ बेग्लै हुन्छ। उसलाई ठाउँले एकैपल्ट अतीत र भविष्यसँग जोड्छ। अन्तरिक्षलाई कसैको जीउसँग जोडेपछि दिशा बन्ने हुन्। आकाशलाई कसैको आत्मासँग जोडेपछि ठाउँ बन्ने हुन्। उपन्यास लेखकले ठाउँलाई आफ्नो जीउ र आत्मासँग जोड्छ। त्यसैले जहाँ खाली ठाउँ हुन्छ, त्यहाँ उसले भूत देख्छ। भूत भनेका अशरीरी। ठाउँ खाली नहुँदा त्यहाँ मानिस, जीवजन्तु, चीजबिज, संरचना देख्छ। तिनको अतीत देख्छ, भविष्य देख्छ। अरूले भविष्यमा विमानस्थल देखिरहेका बेला उसले पर्सिसकेको सिँगो जङ्गल देख्छ। अरूले आज विमानस्थल देखेका ठाउँमा उसले पशुपतिकहाँ चढाइएका साँढेका निम्ति छाडेको गौचर देख्छ। मैदानको रमाइलोभित्र भावनाको बलैले उसले घाँसको दुःख देख्छ। रित्ता कुनामा बितिसकेको मानिसको स्वर सुन्छ। तपाईँले र मैले नबोल्दा बचेको खाली ठाउँमा पुर्खाले बोलेका शब्द सुन्छ। ऊ भन्छ, तिनले बोलेका कति शब्दले अझै आश्रय पाएका छैनन्। हाम्रो बोलीको साम्राज्यमा नजन्मेका सन्तानका बोली अझै अटेका छैनन्। उपन्यास लेखकले भावनाको बलले ठाउँको इतिहास खोज्छ। उसको स्थानकल्पना, काश्मीरी शैवहरूले भने झैँ, भावनाको बलले फेरि फेरि हेर्ने र नाप्ने अभ्यास गरेपछि संसारमा चलबलाउन

थाल्ने, आकारप्रकार रङ स्पष्ट हुन थाल्ने कालको जीउ हो (*काश्मीरशैवदर्शनबृहत्कोष:* पृ. ७८४)।

## विवरणको अर्थ

भावनाको रापले डढेको मानिसको निम्ति ठाउँको इतिहासको मूल प्रश्न को आदिवासी अथवा रैथाने हो भन्ने होइन। कसलाई कुन आधारमा कस्तो अग्राधिकार दिने भन्ने मात्र पनि होइन। मूल प्रश्न त अतीतसँग कसैले आत्मीय हुने संस्कार गर्छ गर्दैन भन्ने हो। कसैले पुर्खाका नि:शब्द आकांक्षालाई जीउभरी बोक्ने अभ्यास गर्छ गर्दैन। कसैले पेटीका ढुंगामा बितेका मानिसहरूको न्यानो सेक्छ सेक्दैन। कसैले पोखरीको पानीमा अशरीरी मानिसको गन्ध सुँघ्छ सुँघ्दैन। कसैले खेतको माटोमा अकर्तृ हातको खरानी भेट्छ भेट्दैन। गल्लीमोड, पाटी, ढुंगेधारा, दलान दोबाटोमा बितीसकेकाहरूको गन्थन सुन्छ सुन्दैन भन्ने हो। उसको उपन्यासमा देखापर्ने ठाउँको इतिहास यस्तै विवरणले भरिएको हुन्छ।

हामी बितेपछि हामीमध्ये धेरैजना आ-आफ्नै कुरा मनमनै आफैसँग कुरा गर्दै कतै बस्नेछौँ। हामीमध्ये थोरै चाहिँ अरूको आख्यानभित्र पस्नेछौँ। त्यतिबेला हामी आफ्ना कुरा राख्न सक्दैनौँ। अरूले हाम्रो व्याख्या गरिदिन्छन् (हिलारी म्यान्टेल, *रिथ लेक्चर्स* २०१७)। व्याख्या भन्नु वास्तवमा अनुपस्थितिको दसी हो। तर धेरैजना इतिहासकारहरू तर्क र व्याख्या गर्न माहिर भएपनि आफ्नो विधागत अनुशासनमा ती यति

वासनाबद्ध हुन्छन् कि तिनले अनुपस्थिति देख्दैनन्, देख्न चाहँदैनन्। विवरणबाटै तर्क प्रस्तुत गर्न खोज्ने एकाध इतिहासकार भेटिन्छन्। यिनीहरू प्राय: ठाउँका इतिहासकार हुन्छन्। उपन्यास लेखक अझै भिन्न छ। उसले विवरण दिन्छ, व्याख्या गर्दैन। उसको विवरण शब्द-आडम्बर जस्तो सुनिन सक्ला। उसले सतही र बाहिरी तथ्य मात्र देखाउन खोजेजस्तो लाग्ला। विवरणबाट पाठकहरूलाई दृश्यमा अलमल्याउन खोजेजस्तो लाग्ला। तर लेखक अनुभवी छ। पाठकहरू अलमलिन चाहँदैनन्। तिनमा त्यति धैर्य हुँदैन। तिनीहरू रित्तो पृष्ठभूमितर्फ ध्यान दिन थाल्छन्। दृश्य होइन, त्यसको इतिहासप्रति तिनीहरू सजग हुन थाल्छन्। उपन्यास लेखकले विवरणबाट लिन खोजेको काम वास्तवमा यो हो। विवरणलाई जति बाक्लो बनायो, त्यति उपन्यास लेखकले पाठकहरूलाई ठाउँको इतिहास र भविष्यतिर लग्न खोजेको हो भन्ने हामीले बुझ्नुपर्ने हुन्छ। यो तथ्य मध्यकालिक कलाको आदर्श थियो भन्ने कुरा त्यति वेलाका भित्तिचित्र र काष्ठशिल्प देखिने ठाउँ र तिनमा रहेको मिहिन कलालाई हेर्दा स्पष्ट हुन्छ।

**अन्त्यमा**

यो मन्तव्यमा विचारका तीन पाइला यहाँहरूले भेट्नुभयो होला। पहिलो, पुर्खा, जन्म र भविष्य घोलेपछि कुनै ठाउँ हाम्रो घर बन्छ। त्यो ठाउँले हामीलाई सहन्छ। प्रेम होस् नहोस्, हामी पनि त्यो ठाउँलाई

नियति मानेर बेहोर्छौं दोस्रो, ठाउँलाई सहँदा र बुझ्दा ठाउँको इतिहास र उपन्यास लेखिने हो। यस्ता इतिहास अतिथि प्राज्ञहरूको सतही पुरातत्त्वभन्दा गहिरा हुन्छन्। ठाउँको नाम र स्वरूपमा शक्तिको केरमेट देखाउने गरी रचिन्छन्। तर भावनाले डढेको उपन्यास लेखकलाई अग्राधिकारको प्रश्न महत्त्वपूर्ण लाग्न सक्छ, पर्याप्त लाग्दैन। उसको स्थानकल्पमा भावना प्रबल हुन्छ। त्यसमा ठाउँको अतीत र भविष्य दुवैको अनुपस्थिति बोल्न थाल्छ। तेस्रो, उपन्यास लेखकले विवरणलाई औजारसरह प्रयोग गर्छ। उसले दृश्यमान जगत् जति मिहिन ढंगले देखाउँछ, पाठक त्यति विवरणको पृष्ठभूमिबारे सजग हुन्छ। रित्तिसकेका ठाउँमा इतिहास र भविष्यका विभिन्न बान्की देख्न थाल्छ। ऐतिहासिक उपन्यास वास्तवमा विवरणात्मक आख्यान हो। आफै बोल्न नसक्ने रित्ता ठाउँ रहेको देश नै उसको उपन्यास हो। ती रित्ता ठाउँलाई कुनै बेला ओगटे पनि अहिले बितेका जीवजन्तु र नरहेका चीजबिज जम्मै सजीव भएर बोल्ने देश नै उसको उपन्यास हो।

नेपाली इतिहास र ऐतिहासिक उपन्यास लेखनमा स्थानकल्पनाका बान्की छुट्टै अध्ययनको विषय हो। अहिलेलाई ठाउँको इतिहास र उपन्याससम्बन्धी मन्तव्य यो छोटो मुखबन्धमै टुङ्ग्याऊँ। मलाई सहनु भएकोमा यहाँहरू सबैलाई धन्यवाद।

# सदस्य सचिवका तर्फबाट धन्यवाद ज्ञापन

**गुठीका अध्यक्षज्यू, डा. रिता थापाज्यू, जगदम्बा-श्रीबाट सम्मानित बैरागी काइँलाज्यू, मदन पुरस्कारबाट सम्मानित योगेश राजज्यू तथा उपस्थित भद्र महिला तथा सज्जन वृन्द।**

नेपाली भाषा, साहित्य, कला-संस्कृतिलाई माया गर्ने समग्र विद्वद् समाजप्रति हार्दिक आभार। यहाँहरूको उपस्थिति र माया हाम्रा लागि विशेष छ। यहाँहरू सबैलाई हार्दिक धन्यवाद।

डा. रिता थापाज्यू, साझा चासो र सरोकारको विषय हुनुपर्ने 'जनस्वास्थ्य'का विविध पक्षहरूमाथिको समसामयिक व्याख्यानका निम्ति यहाँलाई हार्दिक धन्यवाद।

आदरणीय बैरागी काइँलाज्यू, नेपाली संस्कृतिको अभिन्न अङ्गका रूपमा हामीले जान्नुपर्ने, बुझ्नुपर्ने र संरक्षण गर्नुपर्ने 'मुन्धुम'का विषयमा यहाँको चिन्ता, चासो र यसको संरक्षण तथा अभिलेखनमा यहाँको योगदान र सक्रियताप्रति नेपाली समाज सदैव ऋणी रहनेछ। समारोहमा यहाँलाई सम्मान गर्न पाएकोमा गुठी परिवार हर्षित छ। यहाँलाई धेरै-धेरै धन्यवाद।

योगेश राजज्यू, हामीले पढेका धेरै नेपाली उपन्यासमा स्थान विशेषको वर्णन त हुन्छ तर स्थान विशेष आफै कथा बनेर कम आउने गर्छ। यहाँले ऐतिहासिक घटना, पात्र र स्थानलाई आख्यानका माध्यमबाट पुन: पढ्न, बुझ्न र सोच्न प्रेरित गरिदिनुभएको छ। नेपाली पाठ्यपुस्तकमा पढेको, शैक्षिक भ्रमण वा पर्यटकका रूपमा घुम्दा देखेको भक्तपुरको कथा-व्यथालाई ऐतिहासिक आख्यान मार्फत् पुन: पढ्ने र बुझ्ने मौका दिनुभएकोमा यहाँलाई धन्यवाद।

यस समारोहसम्म आइपुग्दा प्रत्यक्ष-अप्रत्यक्ष सल्लाह दिनुहुने शुभचिन्तक, विभिन्न समितिमा रहनुहुने विज्ञहरू तथा गुठीका सम्पूर्ण सदस्यहरूलाई हार्दिक धन्यवाद। समारोहको सम्पूर्ण व्यवस्थापनका लागि रातो बङ्गला स्कूललाई विशेष धन्यवाद। समारोहलाई विशेष बनाउन सघाउने जगदम्बा प्रेस र मदन पुरस्कार पुस्तकालयलाई पनि हार्दिक धन्यवाद। कार्यक्रम सञ्चालनका निम्ति सुधा ओझाज्यू र यहाँ पाल्नुहुने सबैलाई हृदयदेखि आभार, धन्यवाद।

सबैको जय होस्।

# मदन पुरस्कार गुठीबारे

१. मदन पुरस्कार स्थापना हुने घोषणा सर्वप्रथम २०१२ साल असोज १० गते भएको थियो।
२. २०१२ साल मङ्सिर २८ गतेका दिन मदन पुरस्कार गुठीको दानपत्रमा सहिछाप भयो। त्यसपछि पुस १ गतेका दिन ल.पु. पोता रजिस्ट्रेसन अड्डामार्फत सो कागत रजिस्ट्रेसन पास भएको हो।
३. पछि संस्था रजिस्ट्रेसन ऐन, २०१६ बमोजिम २०२० साल कार्तिक ३ गते ललितपुर म्याजिस्ट्रेट अफिस मार्फत यो दर्ता भएको छ र ल.पु. जिल्ला कार्यालयबाट पुनर्नवीकरण हुँदै आएको छ।
४. २०२५ सालसम्म गुठीले चार–चार हजारका जम्मा चार ओटा पुरस्कार प्रत्येक वर्ष दिन सक्ने व्यवस्था थियो। त्यसपछि दस–दस हजार रूपियाँका दुई ओटा पुरस्कार दिने व्यवस्था भयो। अनि २०३३ सालदेखि एउटा मात्र पच्चीस हजारको, २०४० सालदेखि तीस हजारको, २०४२ सालदेखि चालीस हजारको र २०४३ सालदेखि पुरस्कार पचास हजारको भयो। त्यसपछि २०५१ सालदेखि पुरस्कार १ लाखको दिने गरी नियममा संशोधन गरिएको हो। २०६१

सालको पुरस्कार राशी २ लाख रूपियाँको गराइएको छ। २०७५ सालको पुरस्कार राशी ४ लाख रूपियाँ भएको छ।

५. गुठीको मूलधन हाल रू. ३५ लाखको छ। रकम लगानी भई त्यसबाट प्राप्त हुने ब्याजबाट मात्र गुठीले काम चलाउनुपर्छ। मूलधन खर्च गर्ने अधिकार गुठीलाई छैन। खर्चलाई धान्ने रकम नपुगेमा चाहिँ त्यसको बन्दोबस्त अध्यक्षबाट हुँदै आएको छ तर केही वर्षदेखि भने जगदम्बा–श्रीको पुरस्कार–राशी जगदम्बा प्रेसले जुटाइदिने गरेको छ।

६. मदन पुरस्कार सम्बन्धी कार्यप्रणालीमा "एकपटक मदन पुरस्कार पाइसकेका व्यक्तिलाई साधारणतः अर्कोपटक पुरस्कार दिइने छैन" भन्ने धारा थपिएको छ।

# संवत् २०१३ देखि मदन पुरस्कारबाट सम्मानित स्रष्टाहरूको सूची [१]

(१) २०१३

गद्य–* 'हाम्रो लोक संस्कृति' श्री सत्यमोहन जोशी

सामाजिक शास्त्र– 'जनरल भीमसेन थापा' श्री चित्तरञ्जन नेपाली

विज्ञान– *'अधिकविभव स्थिरविद्युत् उत्पादक' डा. बलराम जोशी

(२) २०१४

गद्य– *'मन' श्री लीलाध्वज थापा

विज्ञान– *'मृत्तिका उद्योग' श्री करूणाकर वैद्य

(३) २०१५

गद्य– 'कवि व्यथित र काव्यसाधना' श्री कृष्णचन्द्रसिंह प्रधान

विज्ञान– *'उद्यान' श्री गंगाविक्रम सिजापति

(४) २०१६

गद्य– *'महाकवि देवकोटा' श्री नित्यराज पाण्डे

---

[१] *अमुद्रित अवस्थामा पुरस्कृत।

(५) २०१७

पद्य– *'विस्फोट' श्री भीमनिधि तिवारी

सामाजिक शास्त्र– *'नेपाली राष्ट्रिय मुद्रा' श्री सत्यमोहन जोशी

(६) २०१८

गद्य– *'नयाँ सडकको गीत' श्री रमेश 'विकल'

(७) २०१९

पद्य– *'आमाको सपना' श्री गोपालप्रसाद रिमाल

(८) २०२०

पद्य– 'नैषधीय चरित' अनु. श्री कोमलनाथ अधिकारी

सामाजिक शास्त्र – 'जोसमनी सन्त परम्परा र साहित्य' श्री जनकलाल शर्मा

(९) २०२१

गद्य– 'नेपाली भाषा र साहित्य' श्री बालकृष्ण पोखरेल

पद्य– 'प्राकृत पोखरा' श्री मुकुन्दशरण उपाध्याय

सामाजिक शास्त्र– ८'प्राचीन हिन्दु अर्थशास्त्र' श्री नवराज चालिसे

विज्ञान– * 'वस्त्र–निर्माणकला' श्री लक्ष्मीबहादुर श्रेष्ठ

(१०) २०२२

गद्य– 'शिरीषको फूल' सुश्री पारिजात

(११) २०२३

गद्य– 'स्रष्टा र साहित्य' श्री उत्तम कुँवर

पद्य– 'मानव महाकाव्य' श्री मोदनाथ 'प्रश्रित'

(१२) २०२४

गद्य– 'एब्स्ट्र्याक्ट चिन्तन प्याज' श्री शंकर लामिछाने

सा. शास्त्र– 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' श्री ग्रीष्मबहादुर देवकोटा

(१३) २०२५

गद्य– 'टिपन–टापन' श्री पारसमणि प्रधान

पद्य– 'मङ्गली कुसुम' श्री धर्मराज थापा

(१४) २०२६

साहित्य– 'बेलाइततिर बरालिंदा' श्री ताना सर्मा

(१५) २०२७

दर्शन-विज्ञान– 'नेपाली निर्वचनको रूपरेखा' श्री महानन्द सापकोटा

(१६) २०२८

दर्शन-विज्ञान – 'कर्णाली लोक संस्कृति'

संयुक्त रूपमा– श्री सत्यमोहन जोशी, श्री स्थिरजङ्गबहादुर सिंह, श्री विहारीकृष्ण श्रेष्ठ, श्री चूडामणि 'बन्धु' र श्री प्रदीप रिमाल

(१७) २०२९

साहित्य – 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्'   श्री ईश्वरवल्लभ

(१८) २०३०

दर्शन-विज्ञान – 'लिच्छविकालका अभिलेख'   श्री धनवज्र वज्राचार्य

(१९) २०३१   (कसैलाई पनि प्रदान गरिएन।)

(२०) २०३२

साहित्य – 'आगत'   श्री भवानी भिक्षु

(२१) २०३३   (कसैलाई पनि प्रदान गरिएन।)

(२२) २०३४

'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन'

डा. वासुदेव त्रिपाठी

(२३) २०३५

'घामका पाइलाहरू'   श्री ध.च. गोतामे

(२४) २०३६

'नेपालका परम्परागत प्रविधि'

डा. छविलाल गजुरेल + श्री करूणाकार वैद्य

(२५) २०३७

‘नरसिंह अवतार’ श्री जगदीशशमशेर राणा

(२६) २०३८

‘नदी किनाराका माझी’ श्री मोहन कोइराला

(२७) २०३९

‘माधवी’ श्री मदनमणि दीक्षित

(२८) २०४०

‘अलिखित’ श्री ध्रुवचन्द्र गौतम

(२९) २०४१

‘प्रत्यागमन’ श्री कञ्चन पुडासैनी

(३०) २०४२

‘वैकुण्ठ एक्सप्रेस’ – श्री मोहनराज शर्मा

(३१) २०४३

‘लिच्छवि संवत्‌को निर्णय’ श्री नयराज पन्त

(३२) २०४४

‘उत्सर्ग प्रेम’ श्री राजेश्वर देवकोटा

(३३) २०४५

'ज्योति, ज्योति, महाज्योति' श्री दौलतविक्रम विष्ट

(३४) २०४६

'नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका'
श्री राजेश गौतम

(३५) २०४७

'मृत्युञ्जय महाकाव्य' श्री भानुभक्त पोखरेल

(३६) २०४८

'पागलबस्ती' श्री सरूभक्त

(३७) २०४९

'पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७)'
श्री भवेश्वर पंगेनी

(३८) २०५०

'माध्यमिक नेपाली गद्याख्यान' श्री शरदचन्द्र शर्मा भट्टराई

(३९) २०५१

'सही शब्द' फादर विलियम बर्क

(४०) २०५२

'योजनगन्धा' — श्री विनोदप्रसाद धिताल

(४१) २०५३

'नेपाली राष्ट्रिय झण्डा' — श्री दयाराम श्रेष्ठ

(४२) २०५४

'विसर्जन' कथा सङ्ग्रह — श्री लोकेन्द्रबहादुर चन्द

(४३) २०५५

'दुःखान्त नाटकको सृजना परम्परा' — डा. केशवप्रसाद उपाध्याय

(४४) २०५६

'अतिरिक्त अभिलेख' — श्री दिनेश अधिकारी

(४५) २०५७

'नेपालको सिमाना' — श्री बुद्धिनारायण श्रेष्ठ

(४६) २०५८

'अभिनव संस्कृति कोष' — श्री हरिराम जोशी

(४७) २०५९

'नेपाली कानूनको ऐतिहासिक रूपरेखा' — श्री रेवतीरमण खनाल

(४८) २०६०

‘नयाँ ईश्वरको घोषणा’ — श्री गोपाल पराजुली

(४९) २०६१

‘पल्पसा क्याफे’ — श्री नारायण वाग्ले

(५०) २०६२

‘राधा’ — श्री कृष्ण धरावासी

(५१) २०६३

‘छापामारको छोरो’ — श्री महेशविक्रम शाह

(५२) २०६४

‘अन्तर्मनको यात्रा’ — श्री जगदीश घिमिरे

(५३) २०६५

‘एक हातको ताली’ — श्री युवराज नयाँघरे

(५४) २०६६

‘नेपालका बालीनाली र तिनको दिगो खेती’ — श्री नरबहादुर साउद

(५५) २०६७

‘जीवन काँडा कि फूल’ — श्री झमक घिमिरे

(५६) २०६८

‘सेतो धरती’ श्री अमर न्यौपाने

(५७) २०६९

‘दमिनी भीर’ श्री राजन मुकारूङ

(५८) २०७०

‘खलंगामा हमला’ श्री राधा पौडेल

(५९) २०७१

‘खुशी’ श्री विजय कुमार

(६०) २०७२

‘ऐना’ श्री  रामलाल जोशी

(६१) २०७३

‘धृतराष्ट्र’ श्री घनश्याम कँडेल

(६२) २०७४

‘योगमाया’ श्री नीलम कार्की निहारिका

(६३) २०७५

'रणहार' श्री योगेश राज

७. कुनै साल पुरस्कार वितरण हुन नसकेमा त्यसको रकमबाट विद्वद्वृत्ति दिने पनि नियम छ। आजसम्म चार जनालाई मदन पुरस्कार विद्वद्वृत्ति प्रदान गरिएको छ–

१. श्री चूडामणि बन्धु – २०२०
२. श्री राममणि रिसाल – २०२३/२४
३. श्री कोमलप्रसाद सुवेदी – २०२५
४. श्री जयराज आचार्य– २०३५/३६

८. श्री कमलमणि दीक्षितको सम्पादनमा गुठीको मुखपत्र त्रैमासिक 'नेपाली' गुठीका समाचार तथा अरू लेख–निबन्धहरू लिएर २०१६ सालदेखि नियमित रूपले प्रकाशित भइरहेको छ।

९. प्रत्येक वर्ष कलकत्तामा डाक्टरी पढ्न जाने दुई विद्यार्थीको छनोट गर्ने काम पनि गुठीले संवत् २०१३–१४ सालदेखि गर्दै आएको छ।

१०. २०४५ सालमा गुठीले छुट्टै पुरस्कार 'जगदम्बा–श्री'को पनि स्थापना गरेको छ।

११. २०६१ साल मङ्सिर २८ गते प्रारम्भ गरेर २०६२ साल मङ्सिर २७ गतेसम्म गुठीको स्वर्णवर्ष विभिन्न कार्यक्रम गरी मनाइयो।

## पुरस्कार जगदम्बा–श्री: सामान्य जानकारी

१. आफ्ना संस्थापिका स्व. रानी जगदम्बाकुमारी देवीको स्मृति चिरस्थायी राख्ने उद्देश्यले गुठीले यो पुरस्कार, जगदम्बा–श्री स्थापना गरेको हो।

२. गुठीको साधारण सभाद्वारा स्व. रानी जगदम्बाको पैंतालीस दिनको अवसरमा मिति २०४५/६/१/२ का दिन यो पुरस्कार विधिवत् स्थापना भएको हो।

३. यो पुरस्कार मदन पुरस्कार सरह अर्थात् (हाललाई) रू. २,००,०००।–को छ।

४. यो पुरस्कार कसरी, कसलाई, कुन प्रक्रियाले दिनु उचित हुन्छ भनी नेपाली बुद्धिजीवीहरूलाई पत्रपत्रिका र नेपाल टेलिभिजनबाट पनि आह्वान गरी सुझाव मागिएको थियो र ती सबै प्राप्त राय सुझावहरूको यथोचित कदर गर्दै गुठीले छलफल गरी मिति २०४५।१२।३०।४ का दिन 'जगदम्बा–श्री' सम्बन्धी नियमहरू पारित गर्‍यो। यी नियमहरूको मसौदा गर्ने काम पनि, 'मदन पुरस्कार' स्थापना हुँदा संवत् २०१२ सालमा गुठीको दानपत्र–नियमावलीहरू सबै तर्जुमा गर्ने, श्री शम्भुप्रसाद ज्ञवालीद्वारा नै भएको हो।

५. ‘जगदम्बा–श्री’ वितरण गर्नेबारेको कार्य–प्रणाली मदन पुरस्कार गुठीको नियमावलीको परिच्छेद ५–क अन्तर्गत नियम ३६ को उप–नियम (क) देखि (ज) सम्ममा परेका छन्। त्यस बाहेक मदन पुरस्कार गुठीको ज्ञापनपत्रको दफा २ (उद्देश्य) अन्तर्गत पनि निम्नअनुसार एउटा उपदफा थपिएको छ:–

“श्रव्य, दृश्य वा अरू किसिमका कृतित्त्वहरूबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेख्य योगदान गर्ने व्यक्ति र शैक्षिक, सामाजिक वा सांस्कृतिक माध्यमबाट नेपाली भाषाको समुन्नतिमा उल्लेख्य योगदान गर्ने व्यक्तिहरू मध्येबाट वर्षैवर्ष छनोट गरी सम्मानयोग्य ठहरिएका व्यक्तिलाई मदन पुरस्कार संस्थापिका स्व. श्री रानी जगदम्बाकुमारी देवीको स्मृतिमा ‘जगदम्बा–श्री’ नामले मदन पुरस्कार सरहको अर्को पुरस्कार प्रदान गर्ने।”

६. जगदम्बा–श्री पुरस्कारका लागि नेपाली भाषाको सेवालाई नै एक मात्र आधार मानिएको छ। वर्ण, लिङ्ग, धर्म, जात वा जातीयताको कुनै बन्धन वा विशेष ग्राह्यता यसमा रहँदैन। मरणोपरान्त जगदम्बा–श्री पुरस्कार साधारणतया प्रदान गरिंदैन। प्रत्येक वर्ष गठन गरिने छनौट समितिले सङ्कलन गरेका नामावलीबाट छानी एकमतले सिफारिस गरेको व्यक्तिलाई यो पुरस्कार दिइन्छ।

# पुरस्कार जगदम्बा–श्री विवरण

१. संवत् २०४५ को पुरस्कार श्री नारायणगोपाललाई "तीन दशकभन्दा बढी समयदेखि सङ्गीतको माध्यमबाट नेपाली भाषाका गीतहरूलाई देश तथा विदेशमा समेत लोकप्रिय बनाउनमा उल्लेखनीय योगदान गरे बापत।"

२. संवत् २०४६ को पुरस्कार मह–जोडी (श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यको जोडी) लाई "श्रव्य, दृश्य दुवै प्रकारले प्रहसनका माध्यमबाट नेपाली भाषालाई देश विदेशमा लोकप्रिय बनाउन प्रशंसनीय कार्य गरे बापत।"

३. संवत् २०४७ को पुरस्कार सिक्किमका श्री नरबहादुर भण्डारीलाई "नेपाल बाहिर नेपाली भाषा र साहित्यको समुन्नतिमा व्यक्तिगत तथा संस्थागत स्तरमा असाधारण योगदान गरे बापत।"

४. संवत् २०४८ सालको पुरस्कार कवि केदारमान व्यथितलाई "उत्कृष्ट काव्य कृतित्व र विभिन्न संस्थागत माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति आधा शताब्दीभन्दा बढी समयदेखि अनवरत रूपमा

सृजनशील र क्रियाशील रही नेपाली भाषा र साहित्यको प्रतिष्ठा बढाए बापत।"

५. संवत् २०४९ को पुरस्कार नेपाली साहित्य सम्मेलन दार्जीलिङलाई "स्थापनाकाल विक्रम संवत् १९९१ देखि नै नेपाली भाषा र साहित्यको संरक्षण, प्रवर्द्धन र श्रीवृद्धिका निमित्त अनवरत क्रियाशील रही असाधारण संस्थागत योगदान गरे बापत।"

६. संवत् २०५० को पुरस्कार श्रीमती तारादेवीलाई "गत चारदशकदेखिको अथक साधनाद्वारा गायन कलामा उत्कृष्टता हासिल गरी नेपाली भाषालाई स्वदेशभित्र र बाहिर समेत सङ्गीतको मधुरिमाद्वारा लोकप्रिय बनाई नेपाली वाङ्मयको श्रीवृद्धि गर्नमा उल्लेखनीय योगदान गरिरहे बापत।"

७. संवत् २०५१ को पुरस्कार श्री इन्द्रबहादुर राईलाई "विगत ४५ वर्षदेखि नेपाली साहित्यका साधनामा निरन्तर संलग्न रही कथा, उपन्यास, निबन्ध र समालोचना आदि विविध विधामा नवीन प्रवृत्तिका उत्कृष्ट रचनाहरूद्वारा नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति अति विशिष्ट योगदान गरे बापत।"

८. संवत् २०५२ को पुरस्कार कोहिमा, नागाल्याण्ड, भारतका श्री हरिप्रसाद 'गोर्खा' राईलाई "विगत ६ दशकभन्दा बढी समयदेखि अविच्छिन्न रूपले नेपाली भाषा र साहित्यको संवर्द्धनका निमित्त विभिन्न माध्यमबाट उल्लेखनीय सेवा प्रदान गरिरहे बापत।"

९. संवत् २०५३ को पुरस्कार मोगोक, म्यान्मारका श्री ठाकुरप्रसाद गुरागाईंलाई "म्यानमारमा बसोबास गर्ने नेपाली मूलका बर्मेलीहरूका माझमा नेपाली भाषाको प्रचार–प्रसार र संवर्द्धनमा असाधारण योगदान गरी नेपाली भाषालाई जीवित राखेर यसको श्रीवृद्धि गर्नमा समर्पित भए बापत।"

१०. संवत् २०५४ को पुरस्कार गायक कलाकार श्री अम्बर गुरूङलाई "विगत चार दशक यता सङ्गीत–साधनामा निरन्तर लगनशील रही साङ्गीतिक माध्यमद्वारा नेपाली कला र संस्कृतिको उत्थानका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धि गर्न सशक्त योगदान गरे बापत।"

११. संवत् २०५५ को पुरस्कार वरिष्ठ साहित्यकार श्री गोविन्द–बहादुर मल्ल "गोठाले"लाई "नेपाली भाषा–साहित्यका विविध विधामा–खास गरेर कथा, नाटक र उपन्यासमा– गत पाँच दशकभन्दा बढी समयदेखि उच्च दर्जाका कृतिहरूको सिर्जना गरी नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत।"

१२. संवत् २०५६ को पुरस्कार नेपाली शिक्षा परिषद्लाई “भाषा र साहित्यतर्फ निरन्तर सक्रिय रही विभिन्न संस्थागत क्रियाकलापका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत।”

१३. संवत् २०५७ को पुरस्कार जनकविकेशरी धर्मराज थापालाई “श्रव्य–पाठ्य विभिन्न माध्यमबाट आधा शताब्दीभन्दा लामो अवधिसम्म नेपाली भाषाको सेवा गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा बहुमुखी विशिष्ट योगदान गरे बापत।”

१४. संवत् २०५८ को पुरस्कार डायमनशमशेर राणालाई “विगत आधा शताब्दिदेखि नेपाली साहित्यको आराधनामा संलग्न भई गद्याख्यानद्वारा उल्लेखनीय योगदान गरिरहे बापत।”

१५. संवत् २०५९ को पुरस्कार श्रीकृष्णप्रकाश श्रेष्ठलाई “नेपाली भाषाको सिर्जना, अनुसन्धान तथा प्रचार–प्रसारमा कष्टसाध्य रूपमा संलग्न भई चार दशकअघिदेखि नेपाली वाङ्मयको सेवामा समर्पित भइरहे बापत।”

१६. संवत् २०६० को पुरस्कार श्री अली मियाँलाई "विगत ६ दशकभन्दा बढी समयदेखि लोकगीत गायन र काव्यसृजनाद्वारा नेपाली लोकसंस्कृति तथा नेपाली भाषालाई समृद्ध तुल्याउन निस्पृह, निर्लिप्त र निरन्तर योगदान गरिरहे बापत।"

१७. संवत् २०६१ को पुरस्कार श्री फणीन्द्रराज खेतालालाई "आधा शताब्दीभन्दा अघिदेखि नेपाली भाषा शिक्षणका साथै अनवरत रूपमा साहित्यसेवामा लागी नेपाली भाषामा उल्लेख्य योगदान गरिरहे बापत।"

१८. संवत् २०६२ को पुरस्कार श्री भैरव रिसाललाई "गत आधा शताब्दीदेखि नेपाली छापादेखि विद्युतीय माध्यमसम्म पूर्ण रूपले संलग्न रही नेपाली पत्रकारितालाई संवर्द्धन गर्दै नेपाली भाषाको विकासमा अद्यापि उल्लेखनीय योगदान गरे बापत।"

१९. संवत् २०६३ को पुरस्कार डा. तीर्थबहादुर श्रेष्ठलाई "नेपालीहरूलाई विज्ञानको ज्ञान गराउने कार्यमा संलग्न भई दशकौंदेखि उत्कृष्टताका साथ नेपाली भाषाको सेवामा निरन्तर लागिरहे बापत।"

२०. संवत् २०६४ को पुरस्कार श्री कृष्णप्रसाद पराजुलीलाई "व्याकरण, गीत, कविता, बालसाहित्य तथा संस्कृति लगायत विविध विधामा

अनेकानेक ग्रन्थको सिर्जना गरी नेपाली वाङ्मयको अतुलनीय तथा अनवरत भाषासेवा गरिरहे बापत।"

२१. संवत् २०६५ को पुरस्कार श्री रामशरण दर्नाललाई "लोकसङ्गीत र बाजाको सङ्कलन, अध्ययन अनुसन्धान तथा लेखनका माध्यमले गत ३ दशकदेखि अनवरत रूपमा कार्यरत रही नेपाली भाषाको श्रीवृद्धिमा योगदान गरिरहे बापत।"

२२. संवत् २०६६ को पुरस्कार डा. राजेन्द्र विमललाई "गत चार दशकदेखि मिथिला क्षेत्रमा मैथिली भाषी विद्यार्थीहरूलाई नेपाली भाषामा शिक्षित गराई विद्वान् बनाउने पुनीत कार्यका साथै नेपाली भाषामा अनेकानेक ग्रन्थ रचना गरी नेपाली भाषा वाङ्मयलाई समृद्ध तुल्याउने काम समेत गरिरहे बापत।"

२३. संवत् २०६७ को पुरस्कार कवि श्री दुर्गालाल श्रेष्ठलाई "गत छ दशकदेखि आफ्नो मातृभाषा तथा नेपाली भाषामा अत्यन्त सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य लेखी नेपाली वाङ्ग्मयलाई समृद्ध तुल्याउने कार्य गरिरहे बापत।"

२४. संवत् २०६८ को पुरस्कार संशोधन मण्डललाई "गत छ दशकभन्दा बढी समयदेखि नेपाली इतिहास र संस्कृतिका अतिरिक्त ज्योतिष, गणित,

व्याकरण र साहित्यका फाँटमा गुरूकुलीय संगठित र संस्थागत प्रयासबाट प्रामाणिक अनुसन्धान गरी तिनको प्रकाशन तथा प्रचारका लागि 'पूर्णिमा' पत्रिकाको निरन्तर प्रकाशन गरेर नेपाली वाङ्मयको सेवा र श्रीवृद्धिमा निरन्तर रूपले उल्लेखनीय योगदान गरिरहे बापत।"

२५. संवत् २०६९ को पुरस्कार श्री रत्नशमशेर थापालाई "गत पाँच दशकदेखि नेपाली गीत र कविता लेखनमा निरन्तर लागेर नेपाली भाषाको उन्नयन र श्रीवृद्धिमा उल्लेखनीय योगदान गरिरहे बापत।"

२६. संवत् २०७० को पुरस्कार श्री शिव रेग्मीलाई "साहित्यिक पत्रकारिताको अन्वेषण, पत्रपत्रिकाको संकलन, समीक्षा, समालोचना तथा लेखनद्वारा नेपाली भाषाको अविरल रूपमा सेवा गरिरहे बापत।"

२७. संवत् २०७१ को पुरस्कार श्रीमती अङ्गूरबाबा जोशीलाई "नेपालमा नारी शिक्षाको प्रचार प्रसार एवं प्रवर्द्धनका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर दीर्घसाधना गरी उल्लेख्य योगदान पुर्याइरहे बापत।"

२८. संवत् २०७२ को पुरस्कार श्री लीलबहादुर क्षेत्रीलाई "६० वर्षभन्दा लामो समयदेखि नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि निरन्तर समर्पित रहनुभएकाले।"

२९. संवत् २०७३ सालको पुरस्कार श्री दुर्गा बराल “बात्स्यायन’लाई 'समसामयिक विषय र विसङ्गतिहरूलाई कार्टुन चित्रमा छोटो र प्रभावकारी भाषिक अभिव्यक्तिको प्रयोग गरी समाजमा सचेतना जगाउँदै निरन्तर नेपाली भाषाको सेवा गरिरहनु भएकाले”।

३०. संवत् २०७४ सालको पुरस्कार श्री शान्तदास मानन्धरज्यूलाई “बाल साहित्यको विकास, विस्तार तथा प्रवर्धनमा पाँच दशकदेखि निरन्तर समर्पित रहनु भएकाले”।

३१. संवत् २०७५ सालको पुरस्कार श्री बैरागी काइँलाज्यू (तील विक्रम नेम्बाङ) लाई "लिम्बू भाषा तथा मुन्धुम संस्कार र संस्कृतिको अध्ययन-अनुसन्धान तथा अभिलेखन गरी नेपाली वाङ्मयको समृद्धिमा उल्लेखनीय योगदान गर्नु भएकाले"।

# मदन पुरस्कार गुठीको स्वर्णवर्षमा सम्मानित व्यक्तित्व र संस्थाहरू

१. श्री आर.डी. 'प्रभास' चटौत
२. श्री घटराज भट्टराई
३. श्री चूडामणि रेग्मी
४. श्री दिलबहादुर नेवार (शिलाङ)
५. श्री भरतराज पन्त
६. श्री मणिराज उपाध्याय
७. श्री रमेश खकुरेल
८. श्रीमती राधिका राया
९. श्री श्यामदास वैष्णव
१०. श्री वसन्तकुमार शर्मा नेपाल
११. म्युजिक नेपाल
१२. रत्न पुस्तक भण्डार

## मदन पुरस्कार/जगदम्बा-श्री विद्वद् प्रवचनका लागि आमन्त्रित विद्वान्/विदुषीहरू

२०२९ सिद्धिचरण श्रेष्ठ
२०३० सूर्यबहादुर शाक्य
२०३१ मदन पुरस्कार समारोह भएन।
२०३२ नयनबहादुर खत्री
२०३३ मदन पुरस्कार समारोह भएन।
२०३४ जगतमोहन अधिकारी
२०३५ लैनसिंह वाङ्देल
२०३६ कृष्णवम मल्ल
२०३७ रणधीर सुब्बा
२०३८ केदारमान व्यथीत
२०३९ भूपालमान सिंह
२०४० द्रोणशमशेर ज.ब.रा.
२०४१ मोहनमान सैंजु
२०४२ माधव घिमिरे
२०४३ राजेश्वर देवकोटा
२०४४ अम्बिकाप्रसाद अधिकारी
२०४५ छविलाल गजुरेल

२०४६ बैरागी काइँला
२०४७ केदारभक्त माथेमा/ ऋषिकेश शाह
२०४८ अम्बिकाप्रसाद अधिकारी
२०४९ यदुनाथ खनाल
२०५० सुरेशराज शर्मा
२०५१ ईश्वर बराल
२०५२ मदनमणि दीक्षित
२०५३ राजेश्वर देवकोटा
२०५४ माधव घिमिरे
२०५५ माधवराज गौतम
२०५६ केशरीराज पाण्डे
२०५७ लैनसिंह बाङ्देल
२०५८ वासुदेव त्रिपाठी
२०५९ माधव भट्टराई
२०६० कमलप्रकाश मल्ल
२०६१ अङ्गुरबाबा जोशी
२०६२ बालकृष्ण पोखरेल
२०६३ टङ्क सुब्बा
२०६४ सत्यमोहन जोशी
२०६५ निलाम्बर आचार्य
२०६६ बिहारीकृष्ण श्रेष्ठ

२०६७ रामप्रसाद श्रेष्ठ
२०६८ चैतन्य मिश्र
२०६९ उपेन्द्रमान मल्ल
२०७० नाङ्वाङ् छेम्पो शेर्पा
२०७१ लिलामणि पौडेल
२०७२ प्रकाश सायमी
२०७३ सुदर्शनराज तिवारी
२०७४ तीर्थबहादुर श्रेष्ठ
२०७५ रिता थापा

[सामान्यतया उल्लिखित मितिको ठीक एक वर्ष पछि हुने मदन पुरस्कार समारोहमा विद्वद् प्रवचन दिने प्रचलन छ तर कुनै प्रवचन केही वर्ष पछाडि भएको वा फरक-फरक व्यक्तित्वले एकै वर्ष प्रवचन दिएको उदाहरण पनि छ। विस्तृत विवरणका लागि *मदन पुरस्कार: प्रवचनहरू* २०६२ हेर्नुहोस्।]

**मदन पुरस्कार गुठीबाट मनोनीत भई सम्माननीया जगदम्बाका सिटमा कलकत्ताका मेडिकल कलेजहरूमा अध्ययन गर्न जाने विद्यार्थीहरू:**

| साल | मेडिकल कलेज | आर.जी.कार.मेडिकल कलेज |
|---|---|---|
| १९५६–५७ | एम.एल लोढा, जोधपुर | + + |
| १९५७–५८ | तडित्कान्ति च्याटर्जी, कलकत्ता | शिशिरकुमार शाह, कलकत्ता |
| १९५८–५९ | नवीनचन्द्र शर्मा, कलकत्ता | नरेन्द्रकुमार शर्मा, बनारस |
| १९५९–६० | सुन्दरमणि आ.दी., ललितपुर | कुमारी पुण्यवती शर्मा, खरसाङ |
| १९६०–६१ | रामनिवास राठी, विराटनगर | गोपालबहादुर श्रेष्ठ, वीरगन्ज |
| १९६१–६२ | केशरसिंह मल्ल, काठमाडौं | गोपालदास जोशी, काठमाडौं |
| १९६२–६३ | प्रदीप शमशेर राणा, काठमाडौं | राजेन्द्रनाथ परूया, कलकत्ता |
| १९६३–६४ | लक्ष्मीलता तुलाधर, काठमाडौं | चित्रलाल भट्टचन, बागलुङ्ग |
| १९६४–६५ | जयाप्रसाद बराल, झापा | अनवर अहमद खाँ, तौलिहवा |
| १९६५–६६ | शेखरबाबु रिजाल, कैलाली | कुमारी कस्तुरी श्रेष्ठ, ललितपुर |
| १९६६–६७ | हेमन्तशमशेर राणा, काठमाडौं | जनककेशर प्रसाईं, इलाम |
| १९६७–६८ | लुइसा राजपुत, ललितपुर | श्यामबहादुर कर्माचार्य, काठमाडौं |
| १९६८–६९ | विजयकुमार शर्मा, तौलिहवा | जोन शर्मा (बर्मा), कलकत्ता |
| १९६९–७० | अरूणकुमार रौनियार, काठमाडौं | अशोकशमशेर ज.ब.रा., काठमाडौं |
| १९७०–७१ | केशवराज शर्मा, नेपालगन्ज | माधवप्रसाद खनाल, नेपालगन्ज |
| १९७१–७२ | शैलेशकुमार उपाध्याय, विराटनगर | प्रकाशनारायण मल्लिक, जलेश्वर |
| १९७२–७३ | पीयूषराज पाण्डे, काठमाडौं | + + |
| १९७३–७४ | धनराज अर्याल, काठमाडौं | राजेनसुन्दर श्रेष्ठ, ललितपुर |
| १९७४–७५ | ध्रुवनाथ त्रिपाठी, वीरगन्ज | शरदकुमार शर्मा, कपिलवस्तु |

| | | |
|---|---|---|
| १९७५–७६ | अमरकुमार देउजा, काठमाडौं | मदन कोइराला, विराटनगर |
| १९७६–७७ | अनिलबहादुर श्रेष्ठ, विराटनगर | कुमारी पवित्रासिंह ढुङ्गाना, चितवन |
| १९७७–७८ | मधु दीक्षित, काठमाडौं | सुरेशकुमार काफ्ले, सुनसरी |
| १९७८–७९ | अञ्जु श्रेष्ठ, ललितपुर | देवेन्द्रनाथ दास, सर्लाही |
| १९७९–८० | विद्यादेव शर्मा, ललितपुर | सुमनशमशेर ज.ब. राणा, वीरगन्ज |
| १९८०–८१ | सङ्गीता अधिकारी, काठमाडौं | तुहीनकान्ति भट्टाचार्य, धनुषा |
| १९८१–८२ | दीना रायमाझी, काठमाडौं | भार्गवमणि दीक्षित, काठमाडौं |
| १९८२–८३ | विनोद राजभण्डारी, काठमाडौं | श्रीकृष्ण भट्ट, बैतडी |
| १९८३–८४ | स्वयम्भूमान तुलाधर, काठमाडौं | चन्द्रमोहन यादव, धनुषा |
| १९८४–८५ | विद्या पराजुली, म्याग्दी | दीपकबाबु श्रेष्ठ, गोरखा |
| १९८५–८६ | सञ्जय लाखे, वीरगन्ज | कुमारी ज्योत्स्ना रिमाल, काठमाडौं |
| १९८६–८७ | अर्पणा रिसाल, ललितपुर | मखलाल श्रेष्ठ, काठमाडौं |
| १९८७–८८ | सङ्गीता श्रेष्ठ, काठमाडौं | जीवनकुमार आत्रेय, बर्दिया |
| १९८८–८९ | अल्पनासिंह, सर्लाही | अजयराज पाण्डे, काठमाडौं |
| १९८९–९० | कमलराज अर्याल, धादिङ | शरदराज सत्याल, काठमाडौं |
| १९९०–९१ | डेला जोशी, काठमाडौं | दिनेश काफ्ले, स्याङ्जा |
| १९९१–९२ | अपर्ना रिजाल, काठमाडौं | महेश ढकाल, काठमाडौं |
| १९९२–९३ | मनीषा कार्की, धरान | सुबोधकुमार ढकाल, स्याङ्जा |
| १९९३–९४ | सविना भट्टराई, काठमाडौं | कुमारी सलोना श्रेष्ठ, काठमाडौं |
| १९९४–९५ | किरण गजुरेल, काठमाडौं | विवेक शर्मा, दाङ |
| १९९५–९६ | लुना शर्मा, काठमाडौं | सुमितराज अधिकारी, काठमाडौं |
| १९९६–९७ | सजुमा भजु, काठमाडौं | मनोहर बुढाथोकी, सल्यान |
| १९९७–९८ | विनिता शर्मा, काठमाडौं | नेत्रप्रसाद दवाडी, काठमाडौं |
| १९९८–९९ | वीरेन्द्र के.सी., मोरङ | सुनिलकुमार कर्ण, सर्लाही |
| १९९९–२००० | शोभेन्द्र गौतम, काठमाडौं | अरविन्द देव, सप्तरी |

| | | |
|---|---|---|
| २०००–००१ | सुभाष के.सी., पोखरा | दीप लामिछाने, काठमाडौं |
| २००१–००२ | इरिना खड्का, काठमाडौं | धर्मागत भट्टराई, मेघौली चितवन |
| २००२–००३ | सुबज भट्टराई, सिन्धुपाल्चोक | भीष्म पोखरेल, काठमाडौं |
| २००३–००४ | दीपक गौतम, स्याङ्जा | शनीश गुरूङ, पोखरा |
| २००४–००५ | सबीन साहू, भक्तपुर | आर्जन खनाल, कास्की |
| २००५–००६ | पवन शर्मा, पाल्पा | सुरज आले, कास्की |
| २००६–००७ | दिवस मरासिनी, गुल्मी | सन्तोष ढुङ्गाना, पाँचथर |
| २००७–००८ | कुमारी निशा शर्मा, काठमाडौं | लक्ष्मण ठाकुर, मोरङ |
| २००८–००९ | नारायण अधिकारी, काभ्रे | घनश्याम तिमल्सिना, कास्की |
| २००९–०१० | विनुदा पौडेल, स्याङ्जा | कपिल दवाडी, काठमाडौं |
| २०१०–०११ | प्रजिना प्रधान, काठमाडौं | मोनाली शाह, धनुषा |
| २०११–०१२ | जेनी खरेल, काठमाडौं | शिशिर थापा, कास्की |
| २०१२–०१३ | शंकर ढुङ्गेल, धनुषा | प्रीति आचार्य, दाङ |
| २०१३–०१४ | निहारिका पन्त, काठमाडौं | जीत पुन, म्याग्दी |
| २०१४–०१५ | यानी खरेल, काठमाडौं | ऋतिक देवकोटा, रूपन्देही |
| २०१५–०१६ | सलिना श्रेष्ठ, सिराहा | सन्तोष उपाध्याय, धादिङ |
| २०१६-०१७ | ++ | ++ |
| २०१७-०१८ | सागर आचार्य, सिन्धुली | विजय केसी, रूकुम |
| २०१८-०१९ | सन्ध्या पौडेल, चितवन | रमेश गौतम, तेह्रथुम |
| २०१९-०२० | प्रियंका शर्मा, सप्तरी | शाश्वत ढुंगाना, भक्तपुर |

## गुठीका सदस्यहरू

१) श्री कुन्दमणि दीक्षित *
२) डा. गोविन्द टण्डन *
३) डा. चूडामणि बन्धु
४) डा. जगमान गुरूङ
५) डा. महादेव अवस्थी
६) डा. माधव भट्टराई
७) रथी श्रीधरशमशेर ज.ब.रा. *
८) श्री कनकमणि दीक्षित *
९) श्री अमर गुरूङ
१०) श्री ठाकुर पराजुली
११) श्री दीपक अर्याल *
१२) श्री भिक्टर प्रधान
१३) श्री रमेश खकुरेल
१४) श्री सुधा ओझा
१५) श्री सुलोचना मानन्धर

* गुठीका प्रबन्ध–समितिका सदस्यहरू

(जगदम्बा प्रेस प्रा.लि.)